# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० | अंक १६२ | काठमाडौं | सोमबार, १५ असोज २०८० | Prabhab National Daily | Monday, October 2, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# जलहरीमा भ्रष्टाचार भएको अख्तियारको निष्कर्ष

## विशेष अदालतमा मुद्दा दर्ता

- कोषका सदस्यसचिव डा. मिलनकुमार थापा, तत्कालीन सदस्यसचिव डा. प्रदीप ढकाल र स्टोर किपर अरूणकुमार श्रेष्ठविरूद्ध भ्रष्टाचार मुद्दा दायर
- एक करोड १७ लाख एक हजार रुपैयाँ बिगो मागदाबी
- एक किलो ४९१ ग्राम ७१८ मिलिग्राम सुन हिनामिना भएको ठहर



■ जेबी योञ्जन

**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पशुपतिनाथ मन्दिरमा राखिएको सुनको जलहरीमा भ्रष्टाचार भएको निष्कर्ष निकालेको छ । अख्तियारले पशुपति क्षेत्र विकास कोषका सदस्यसचिव डा. मिलनकुमार थापा, तत्कालीन सदस्यसचिव डा. प्रदीप ढकाल र स्टोर किपर अरुणकुमार श्रेष्ठविरुद्ध आइतबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ । आयोगले उनीहरूविरुद्ध एक करोड १७ लाख एक हजार ७८१ रूपैयाँ बिगो मागदाबी गरेको छ ।

आयोगका प्रवक्ता भोला दाहालले आइतबार जारी गरेको विज्ञप्तिअनुसार पशुपतिको शिवलिंग (ज्योर्तिलिंग)को गर्भगृहलाई पूर्णरूपले ढाक्ने गरी राखिने सुनको जलहरी निर्माण कार्यका लागि नेपाल राष्ट्र बैंकबाट १०३ किलो ७७३ ग्राम सुन ८० करोड ११ हजार रूपैयाँमा खरिद गरेको थियो । सोही सुनमा कोषले दुई किलो ८९० ग्राम तामा, एक किलो २४९ ग्राम चाँदी र १२.७५ ग्राम जिंकसमेत गरी कूल १०७ किलो ४७० ग्राम सुन कायम गरिने उल्लेख गरिएको थियो । आयोगका प्रवक्ता दाहालले भने स्थलगत खोजबिनको क्रममा तोकिएको सर्त र निर्णयअनुसार सुनको जलहरी बनाएको नपाइएको बताएका छन् ।

(बाँकी पृष्ठ ५ मा)

### मेरो अभिव्यक्ति सही ठहरियो : *सांसद दाहाल*



नेकपा माओवादी केन्द्रका सांसद लेखनाथ दाहालले संसद्मा यसअघि पशुपतिको जलहरीमा भ्रष्टाचार भएको भन्ने आफ्नो अभिव्यक्ति सही ठहरिएको बताएका छन् । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको पालामा संस्थागत भ्रष्टाचारअन्तर्गत वाइडबडी जहाज, गोकर्ण रिसोर्ट, गिरिबन्धु टि स्टेट र पशुपतिको जलहरीमा भ्रष्टाचार भएको भनेकोमा अख्तियारले भ्रष्टाचार नै भएको निष्कर्ष निकालेपछि आफ्नो अभिव्यक्ति तथ्यहीन नभएको उनले बताए ।

उनले सभामुख देवराज घिमिरेले संसद्को रेकर्डबाट आफ्नो अभिव्यक्ति हटाएर अभिव्यक्ति स्वतन्त्रता हनन् गरेको भन्दै असन्तुष्टि पोखे । 'मैले त महालेखापरीक्षकको कार्यालयको प्रतिवेदन, सार्वजनिक खरिद ऐन अनुगमन कार्यालय र पशुपति क्षेत्र विकास कोषकै बहुमत सदस्यहरूको दाबीका आधारमा जहलरीमा अनियमितताको सवाल उठाएको थिएँ,' उनले प्रभावसँग भने, 'तर, संसद्को रेकर्डबाट हटाइयो । जुन मेरो अभिव्यक्ति स्वतन्त्रता कुण्ठितसँग सम्बन्धित थियो । तर, अहिले सही ठहरियो ।' जलहरी पूर्वप्रधानमन्त्री ओलीको निर्देशनमा लगाइएको हो ।

# सदन रिझाउन प्रधानमन्त्रीका दुई आकस्मिक निर्णय



■ प्रभाव संवाददाता

- देशको समस्या छलेर मस्तराम चीन घुमेका प्रधानमन्त्री दाहालले आइतबार सदन रिझाउन आकस्मिक मन्त्रिपरिषद् डाकेर महत्त्वपूर्ण दुई निर्णय गरे
- पहिलो झण्डै ६१ किलो सुन तस्करी प्रकरणमा जाँचबुझ आयोग गठन गरेर र अर्को शनिबारमात्र बढेको पेट्रोलियम पदार्थको मूल्यवृद्धि फिर्ता लिन निर्देशन दिएर
- कुनै हालतमा आयोग गठन नगर्ने सत्तापक्षको अडानबाट 'ब्याक' भएका प्रधानमन्त्री दाहाल पेट्रोलियम पदार्थमा स्वचालित मूल्य प्रणालीको सहमतिबाटसमेत पछि हटेका छन् ।

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले अमेरिका र चीन पुगेर फर्केलगत्तै आलोचनाबाट बच्न चलाखी अपनाएका छन् । अमेरिकामा संयुक्त राष्ट्रसंघको महासभामा नेपालको प्रतिनिधित्व गर्न पुगे पनि चीनमा भने मस्तराम घुमेका दाहालले काठमाडौं उत्रेको भोलिपल्टै संसद्को चाँजोपाँजो मिलाए ।

यतिमात्र हैन प्रधानमन्त्री दाहालले संसद्मा राख्ने विषयवस्तुसमेत 'क्रिएट' गरे । दाहालले सबैभन्दा पहिले प्रतिपक्षी रिझाउने काम गरे । यसका लागि बिहानै प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली बालुवाटार पुगिसकेका थिए । सदनमा एमालेको माग थियो करिब ६१ किलो सुन प्रकरणमा उच्चस्तरीय जाँचबुझ आयोग गठन हुनैपर्छ । साउन ३ गते समातिएको सुन प्रकरणमा सत्तापक्षको अडान थियो, कुनै हालतमा उच्चस्तरीय आयोग गठन हुन्न ।

तर, देशका समस्यालाई वास्तै नगरी बेफिक्री घुमेर काठमाडौं उत्रेका प्रधानमन्त्रीमाथि एमालेले सदनमै प्रतिरोध गर्ने तयारी गरेको बुझिएको थियो ।

त्यही बुझेर प्रधानमन्त्री दाहालले एमाले रिझाउन 'निञ्जा टेक्निक' अपनाए, जाँचबुझ आयोग गठन गर्ने निर्णय गरेर । दिउँसो १ बजे संसद् सुरु हुनुअघि नै आकस्मिक मन्त्रिपरिषद् बोलाएर दाहालले सुन प्रकरण जाँचबुझका लागि उच्च अदालतका पूर्वन्यायाधीश डिल्लीराज आचार्यको अध्यक्षतामा चार सदस्यीय आयोग गठन गरे । 'आजै (आइतबार) बसेको मन्त्रिपरिषद्को बैठकले सुनको अवैध पैठारी (तस्करी) नियन्त्रणका लागि सुझावसहितको प्रतिवेदन पेस गर्न जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) बमोजिम उच्च अदालतका पूर्वन्यायाधीश डिल्लीराज आचार्यको अध्यक्षतामा पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक सहकुल थापा, पूर्वसहसचिव किशोरजंग कार्की र पूर्वसहसचिव प्रेमराज जोशी रहेको जाँचबुझ आयोग गठन गर्ने निर्णय गरेको छ,' संसद्मा सम्बोधनको क्रममा दाहालले भने ।

त्यसपछि आयल निगमले ग्यासको भाउ बढाएको थियो शनिबारमात्र । मन्त्रिपरिषद्को नियन्त्रणबाहिर रहेको यो विषयलाई मन्त्रिपरिषद्बाटै निर्णय गराएर आयल निगमलाई तोक आदेशमा मूल्य घटाउन लगाए दाहालले । जनतालाई चुप गराउन दाहालको अर्को टेक्निक थियो यो ।

(बाँकी पृष्ठ २ मा)

### चीनसँगको सम्बन्ध थप उचाइ

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहालले आफ्नो पछिल्लो चीन भ्रमणका क्रममा भएका छलफलबाट नेपाल-चीन सम्बन्धलाई थप उचाइ दिन मद्दत पुगेको बताएका छन् । आइतबार संसद्लाई आफ्नो चीन भ्रमणबारे जानकारी दिँदै उनले विगतमा भएका समझदारीको कार्यान्वयन गर्दै लैजाने प्रतिबद्धतासमेत उक्त अवसरमा व्यक्त भएको उल्लेख गरे ।

दाहालले चीनका राष्ट्रपति सी चिनफिङले गरेको भ्रमणपछि नेपालबाट गरिएको पहिलो उच्चस्तरीय भ्रमणका रूपमा आफ्नो चीन भ्रमण भएको उल्लेख गरे । 'कोभिड-१९ महामारीका कारण लामो समयदेखि उच्चस्तरमा कुनै भ्रमण नभएका सन्दर्भमा मेरो भ्रमणले नेपाल र चीनबीच आपसी विश्वासको वातावरणलाई थप सुदृढ गर्दै दुवै मुलुकबीच रहिआएको ऐतिहासिक सम्बन्धको समग्र पक्षलाई थप प्रगाढ बनाउन महत्त्वपूर्ण भूमिका खेलेको विश्वास लिएको छु,' दाहालले भने ।

प्रधानमन्त्री दाहाल नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै यही भदौ ३० देखि असोज ५ सम्म संयुक्त राष्ट्रसंघको ७८औं महासभामा सहभागी भएका थिए । त्यहीँबाट चीनको औपचारिक भ्रमणमा गएका उनी शनिबारमात्र स्वदेश फर्केका हुन् ।

(बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

पिएनसिसीको प्रतिवेदन

# मानसिक विचलनका कारण आत्महत्या बढ्दो

■ प्रभाव संवाददता

**काठमाडौं–** रोजगारीको सिलसिलामा विदेश पुगेका नेपाली कामदारले आत्महत्या गर्ने क्रम बढ्दो रहेको एक अध्ययनले देखाएको छ । प्रवासी नेपाली समन्वय समिति (पिएनसिसी)ले केही दिनअघि सार्वजनिक गरेको एक अध्ययन प्रतिवेदनअनुसार वैदेशिक रोजगारीमा जाने नेपालीहरूले आत्महत्या गर्ने क्रम बढ्दै गरेको देखाएको हो ।

अध्ययनले वैदेशिक रोजगारीका क्रममा पुरुषको तुलनामा अझ महिला कामदारले बढी आत्महत्या गर्ने गरेको तथ्य उजागर गरेको छ । पिएनसिसीले नौ वर्षको अवधिमा सरोकारवाला निकायमा दर्ता भएका मृत्युसम्बन्धी एक हजार ९१९ घटनाक्रमको विश्लेषण गरी गरिएको अध्ययनमा आत्महत्या गर्ने पुरुषभन्दा महिला कामदारको संख्या बढी छ । जसमा पुरुष कामदारको संख्या नौ प्रतिशत र महिला कामदारको संख्या २४ प्रतिशत रहेको छ । यसरी आत्महत्या हुनुमा मानसिक स्वास्थ्यमा आएको विचलन तथा चिन्ता प्रमुख कारण रहेको प्रतिवेदनमा औंल्याइएको छ ।

पिएनसिसीको प्रतिवेदनअनुसार रोजगारीको क्रममा सबैभन्दा बढी जोर्डन पुगेका कामदारले आत्महत्या गरेको देखिएको छ । अध्ययन अवधिमा जोर्डनमा आत्महत्या गर्ने उल्लिखित कामदारको संख्यामध्ये ६६.७ प्रतिशत रहेको उल्लेख गरिएको छ । त्यस्तै प्राकृतिक कारणले ज्यान गुमाउनेको संख्या ३३.३ प्रतिशत रहेको छ भने सडक दुर्घटना, कार्यस्थल दुर्घटना र बिरामीको कारण मृत्यु हुने कामदारहरूको संख्या लगभग शून्य प्रतिशत रहेको प्रतिवेदनमा जनाइएको छ । जोर्डनमा नेपालबाट विशेषगरी महिला कामदार गार्मेन्ट मेसिन अपरेटरको रूपमा जाने गरेका छन् । नेपाल सरकारले जोर्डनसँग शून्य लागतमा नेपाली कामदार पठाउने गरी सन् २०१७ मा श्रम सम्झौता गरेको छ । जोर्डनमा अहिले पनि गार्मेन्ट र घरेलु श्रमका लागि नेपाली महिला कामदारको माग उच्च रहेको बताइन्छ ।

त्यसैगरी जोर्डनपछि आत्महत्या गर्ने श्रमिकको संख्या ओमानमा धेरै रहेको प्रतिवेदनमा उल्लेख छ । अध्ययन अवधिमा आत्महत्या गरेकामध्ये ओमानमा गएका कामदार २० प्रतिशत र साउदी अरेबियामा ८.९ प्रतिशत रहेको जनाइएको छ । त्यस्तै संयुक्त अरब इमिरेट्स (युएई)मा ८.४ प्रतिशत, कतारमा ९.७ प्रतिशत, कुवेतमा ५.४ प्रतिशत र मलेसियामा ७.९ प्रतिशत कामदारले आत्महत्या गरेको प्रतिवेदनले देखाएको छ । उल्लिखित सबै मुलुकमा पुरुषभन्दा महिला कामदारले नै बढी आत्महत्या गरेको पाइएको छ । अधिकांश मुलुकमा कामदारको मृत्युको प्रमुख कारण प्राकृतिक लेख्ने गरिएको पनि अध्ययनले देखाएको छ । जसमा रोजगारीको क्रममा ज्यान गुमाएकामध्ये ६४ प्रतिशत कामदारको मृत्युलाई प्राकृतिक कारण लेखिएको उल्लेख छ ।

पछिल्लो समय वैदेशिक रोजगार बोर्डले सार्वजनिक गरेको तथ्यांकअनुसार पनि वैदेशिक रोजगारीको क्रममा ज्यान गुमाउने नेपालीहरूको संख्यामा उल्लेख्य वृद्धि भएको छ । बितेका १५ वर्षमा रोजगारीको क्रममा विदेशिएका १२ हजारभन्दा बढी नेपालीले ज्यान गुमाएका तथ्यांक छ । बोर्डले आर्थिक सहायता उपलब्ध गराएको तथ्यांकअनुसार २०६५ देखि २०८० भदौसम्ममा वैदेशिक रोजगारीका लागि विभिन्न देश गएका १२ हजार ३५७ जनाले ज्यान गुमाएका छन् । यो संख्या अझै बढ्न सक्ने बोर्डले अनुमान गरेको छ । आर्थिक सहायता दाबी गर्न नआउने र गैरकानुनीरूपमा विदेशमा श्रम गरिरहेका कामदारको मृत्युलाई बोर्डले तथ्यांकमा समावेश गर्दैन । बोर्डको तथ्यांकअनुसार सबैभन्दा धेरै मलेसिया गएका कामदारले ज्यान गुमाएका छन् । विदेशमा ज्यान गुमाउने नेपाली कामदारमध्ये मलेसियामा ३१.८९ प्रतिशत, साउदीमा २७.१९ प्रतिशत र कतारमा १९ प्रतिशत रहेको बोर्डले सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।

### ठगी आरोपमा म्यानपावर सञ्चालक पक्राउ



**काठमाडौं (प्रस)–** रोजगारीका लागि जापान पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा एक म्यानपावर कम्पनी सञ्चालक पक्राउ परेका छन् । प्रहरीले जेन्युन प्लेसमेण्ट प्रालिका सञ्चालक डिल्लीराम खतिवडालाई गत मंगलबार पक्राउ गरेको हो ।

वैदेशिक रोजगारीका लागि जापान पठाइदिने प्रलोभनमा प्रतिव्यक्ति आठ लाख रूपैयाँ लाग्ने बताउँदै पीडितहरूबाट पटक-पटक गरी ४६ लाख रूपैयाँ रकम लिएर सम्पर्कविहीन बनेको भन्दै परेको उजुरीका आधारमा उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । उनले जापान पुगेपछि प्रतिष्ठित कन्ट्रक्सनको काममा लगाइदिने प्रलोभन देखाएका थिए । उक्त काममा मासिक एक लाख ८० हजार रूपैयाँ तलब हुने भनी विश्वास दिलाएको पीडितहरूले उजुरीमा उल्लेख गरेका छन् ।

मोरङ जिल्लाको लेटाङ नगरपालिका-२ घर भएका खतिवडा हाल धुम्बाराहीमा बस्दै आएका छन् । पीडितहरूले वैदेशिक रोजगार विभागमा दिएको निवेदनका आधारमा खटिएको प्रहरी टोलीले उनलाई कोटेश्वरबाट पक्राउ गरेको थियो । थप अनुसन्धान तथा कारवाहीका लागि खतिवडालाई वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले जानकारी दिएको छ ।




## सदन...
पृष्ठ १ बाट जारी

'नेपाल आयल निगमले हिजो (शनिबार)देखि लागू हुनेगरी पेट्रोलियम पदार्थको मूल्यमा गरेको वृद्धि आसन्न चाडबाड र उपभोक्ता हितलाई ध्यानमा राखी तत्काल फिर्ता लिन मैले निर्देशन गरेबमोजिम नेपाल आयल निगमले सो मूल्यवृद्धिको निर्णय फिर्ता लिई पुरानै मूल्य कायम गरेको छ,' दाहालले संसद्समक्ष अर्को निर्णय सुनाइहाले। यी दुवै विषय प्रस्तुत गरेपछि प्रमुख प्रतिपक्षी एमालेलाई के चाहियो, सदनमा नतमस्तक हुने भइहाल्यो।

**रास्वपाका लामिछानेले बोल्न पाए, अरूले पाएनन्**

सुरुमै राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरूले उठेर विरोध जनाए। रास्वपाका सभापति रवि लामिछानेले दुई मिनेट समय पाए। 'सम्माननीय प्रधानमन्त्रीज्यू चाइना भ्रमणबाट मुडफ्रेस गरेर आउनुभएको रहेछ। आउँदाआउँदै जनताको मुडअफ गरिदिनुभयो मूल्यवृद्धि गरेर। तर, फेरि मुडफ्रेस गराउने काम फिर्ता लिएर गराउनुभएको छ,' लामिछानेले भने, 'स्वचालित प्रणालीमा गए पनि नेपाल आयल निगमले सधैं घाटा भयो भनेर मूल्यवृद्धि गर्ने गरेको र बोनस बाँड्ने गरेको भन्दै सभापति लामिछानले असन्तुष्टि जनाए। 'आयल निगम व्यापार पनि आफैं गर्छ, आयात पनि आफैं गर्छ, नियामक निकाय पनि उही हो। सबै कुरा आफैं गर्छ र सधैं घाटामा छु भन्छ। कर्मचारीलाई बोनस बाँड्न पनि भ्याउँछ। तर, सधैं घाटामा रहन्छ।'

लामिछानेले संविधान दिवसका दिन राष्ट्रपतिले ज्यान मुद्दामा सजाय पाएका व्यक्तिको कैद मिनाहा गरेकामा पनि आपत्ति जनाए। त्यसपछि राप्रपाका सांसदहरू उठेर विरोध जनाए। प्रधानमन्त्रीको जवाफ आउने कार्यक्रम भएकोले प्रमुख सचेतकहरूसँग आफूले पहिले नै तयारी गरेको सभामुखले पटक-पटक राप्रपालाई सम्झाए। राप्रपा सांसद ज्ञानेन्द्र शाही बोल्न तम्सिराखेका थिए। तर, सभामुख घिमिरेले शाहीलाई समय दिएनन्। त्यसैबेला एमालेका प्रमुख सचेतक पदम गिरी बोल्ने प्रयास गरे। सदनमा यसअघि अलमलमा पर्ने घिमिरे आइतबार भने कडाइका साथ प्रस्तुत भए। रघुजी पन्तलाई पनि समय दिएनन्। स्वतन्त्र सांसद अमरेशकुमार सिंह पनि बोल्ने तयारीमा थिए। तर, उनले पनि समय पाएनन्।

**प्रधानमन्त्रीकै निर्णय 'फेल'**

निगमले शनिबारमात्र खाना पकाउने ग्यासमा प्रतिसिलिण्डर २१५ रूपैयाँ बढाउने निर्णय गरेको थियो। शनिबार बसेको निगम सञ्चालक समितिको बैठकले आइतबारदेखि लागू हुनेगरी पेट्रोलमा प्रतिलिटर दुई रूपैयाँ, डिजेल र मट्टितेलमा प्रतिलिटर छ रूपैयाँ र हवाइ इन्धनमा प्रतिलिटर आठ रूपैयाँ बढाइएको थियो। स्वचालित मूल्यवृद्धिको चर्को विरोध भएपछि प्रधानमन्त्रीको निर्देशनमा निगमले पेट्रोलियम पदार्थको मूल्यवृद्धि फिर्ता लिएको हो।

प्रधानमन्त्रीको निर्देशनपछि निगम सञ्चालक समिति बैठक बसेर मूल्यवृद्धि फिर्ता लिने निर्णय गरेको हो। निगमका कार्यकारी निर्देशक उमेश थानीले पेट्रोलियम पदार्थको मूल्य यथावत राख्ने निर्णय भएको बताए। झण्डै डेढ महिनाअघि निगमले प्रधानमन्त्रीलाई जानकारी गराएर स्वचालित मूल्य कार्यान्वयनमा ल्याउने निर्णय गरेको थियो। यो निर्देशनसँगै निगमको स्वचालित मूल्य कार्यान्वयनमा ल्याउने निर्णय फेल भएको छ।

## चीन ...
पृष्ठ १ बाट जारी

राष्ट्रसंघको महासभामा सहभागी हुन र चीनका प्रधानमन्त्री लि छ्याङको निमन्त्रणमा चीन भ्रमणमा जानुअघि पनि आफूले सदनलाई जानकारी गराएको प्रधानमन्त्रीले उल्लेख गरे।

चीन भ्रमणका दौरान चीनका राष्ट्रपति र प्रधानमन्त्रीसँग सारभूत पक्षमा भएको छलफलबाट नेपाल-चीन सम्बन्धलाई थप उचाइ दिन मद्दत पुगेको तथा विगतमा भएका समझदारीको कार्यान्वयन गर्दै लैजाने प्रतिबद्धता व्यक्त भएको प्रधानमन्त्री दाहालले उल्लेख गरे। चीनका राष्ट्रपति र प्रधानमन्त्रीसँग प्रतिनिधिमण्डलस्तरीय वार्ता र छलफलका क्रममा चीनसँगको व्यापार, लगानी, अन्तरदेशीय यातायात सञ्जाल र आर्थिक सामाजिक साझेदारी वृद्धि गर्दै लैजाने दिशातर्फ हाम्रो सम्बन्ध केन्द्रित रहनुपर्नेमा आफूले राखेको धारणाप्रति चिनियाँ पक्षको पूर्ण समर्थन रहने बताएको प्रधानमन्त्री दाहालले जानकारी दिए।

उच्चस्तरीय भेटमा नेपालको उत्तरी सीमा क्षेत्रमा चीनतर्फबाट प्रसारणलाइन निर्माण, नेपाल र चीनको सिमानामा रहेको भूभागमा केन्द्रीय विद्युत् प्रसारण प्रणालीबाट विद्युत्को पहुँच पुऱ्याउन नसकिने स्थानमा सौर्य प्रणाली जडान गर्ने विषयमा सहमति भएको प्रधानमन्त्री दाहालले सदनलाई जानकारी गराए।

यस्तै, विभिन्न सडक निर्माण तथा स्तरोन्नति, स्वास्थ्य तथा कृषि क्षेत्रमा सहयोग विस्तार, कोभिडपछि अवरुद्ध भएका साथै परम्परागत सीमानाकाको पुनःसञ्चालन, सीमानाकामा नेपालतर्फ पूर्वाधार निर्माण, अत्याधुनिक प्रयोगशाला निर्माणजस्ता पूर्वाधार विकासका विषयमा छलफल केन्द्रित भएको उनको भनाइ छ।

यसैगरी नेपाल-चीनबीचको जनस्तरको सम्बन्धलाई प्रगाढ बनाउन पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा चीनबाट सोझै हवाई उडान गर्नुका साथै विज्ञान र प्रविधिका क्षेत्रमा सहकार्य गर्ने, द्विपक्षीय व्यापार विस्तार गर्ने सम्बन्धमासमेत विस्तारपूर्वक छलफल भएको प्रधानमन्त्री दाहालले उल्लेख गरे।

हाङ्झाउ र बेइजिङमा भएका बैठक र छलफलका अलावा चीनको छोङछिङ, चीनको स्वाशासित क्षेत्र तिब्बत र छेन्दुकोसमेत भ्रमण गरी द्विपक्षीय सम्बन्धका बारेमा विभिन्न तहमा छलफल भएको थियो।


**मोटरसाइकल हराएको सूचना**

मिति २०८०/०६/११ गते कामपा-१० बिजुली बजार स्थित पार्किङ गरिराखेको अवस्थाबाट (रातीको करिब १३:०० बजेको समयमा) **KATM DUKE** कालो, रातो **Silver Metallic Matt** रंगको मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला।

धनीको नाम : दिपेन्द्र पुर्वछाने
बाइक नं.: बा प्र. ०२-०४४ प ४३९१
च्यासिस नं.: MD2JPCXA7PCO38781
इन्जिन नं. : p-936s17282
ठेगाना: बर्दिवास नपा-६, महोत्तरी
सम्पर्क: ९८०८५४४१३२

**मोटरसाइकल हराएको सूचना**

मिति २०८०/०६/०९ गते धुम्बाराही तरकारी बजार नजिकबाट (बिहानको करिब ३:३० बजेको समयमा) २२० **F ABS** बजाज पल्सर कालो, रातो रंगको मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला।

धनीको नाम : सार्की कामी
बाइक नं.: बा प्र. ०२-०४३ प ०८६६
च्यासिस नं.: MD2A13EX7MCJ 98079
इन्जिन नं. : DKXCMJ32380
ठेगाना: बुढानिलकण्ठ १३, काठमाडौं
सम्पर्क: ९८०३५४७२७५

# मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : PURE WATER (JB) SDN.BHD.**

पूर्व स्वीकृति मिति २०८०/०१/२८ पूर्व स्वीकृति मिति २०८०/०६/१४ LT. No. 285886 चलानी नं. ६०२०१३१४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रु. | | | | | | | |
| 1 | Factory Worker | 2 | 0 | 1500 | ४२५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २२ गते (9th Oct. 2023) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

श्रम इजाजत नं. १४६५/०७४/०७५

**Ever Bright Overseas Pvt.Ltd.**

Manpower Bazar, Sinamangal–09 Kathmandu, Nepal,Pho No: 9861596041, 9813467879, 9841702553, 9851177708
Email:everbrightoverseas2018@gmail.com, Web:www.everbrightoverseas.com


**नेपाल सरकार**
**दावी विरोध सम्बन्धी**
## वैदेशिक रोजगार विभागको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था श्री **एड्भान्स रिक्रटमेन्ट सर्भिस प्रा.लि. (ई.प.नं.४४४/०६०/०६१)** को **स'नसरी जिल्ला इटहरी उ.प.न.पा. वडा न. ०४** मा रहेको शाखा कार्यालयको साविकको ठेगाना परिवर्तन गरी **झापा जिल्लाको, बिर्तामोड न.पा. वडा नं. ०१** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ। अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ।

## अधिकृत वारेसनामा बदरको सूचना

खैंचा कसाई भन्ने हर्कलाल खड्गीको नाति सन्तलाल खड्गीको छोरा चितवन जिल्ला साविक भण्डारा गा.वि.स.वडा नं.१ को हाल परिवर्तित राप्ती न.पा.वडा नं.५ बस्ने वर्ष ५७ को उत्तम खड्गी (ना.प्र.नं.३०४५/०३४ मिति २०६३।०२।२४ जि.प्र.का.चितवन) ले कुनै पनि अड्डा अदालतमा मैले दायर गर्नु पर्ने तथा म उपर पर्न आउने मुद्दा-मामिला सम्बन्धी फिराद पत्र, प्रतिउत्तर पत्र, रिट निवेदन, निवेदन-पत्र लिखित जवाफ, पुनरावेदन पत्र, लिखित प्रतिवाद, मुद्दा फिर्ता गर्न, मिलापत्र गर्न फैसला मिलापत्र कार्यान्वयन समेत गर्न फैसला मिलापत्रबाट प्राप्त हक प्रचलन गर्नको लागि खड्ग बहादुर लाखेको नाति ध्रुव बहादुर लाखेको छोरा साविक ल.पु.जि.ल.पु.उ.म.न.पा.वडा नं.१८ को हाल ल.पु.जि.ल.पु.म.न.पा.१६ बस्ने वर्ष ३३ को रोशन बहादुर लाखे (श्रेष्ठ) (ना.प्र.नं.२७९६३ मिति २०६१।०३।११ जि.प्र.का.ललितपुर) लाई मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५३ बमोजिम मिति २०७६ साल श्रावण महिना २८ गते रोज ३ मा श्री ललितपुर जिल्ला अदालतबाट अधिकृत वारेसनामा गरिदिएकोमा आजैका मितिबाट उक्त अधिकृत वारेसनामा बदर गरिएको हुँदा निजले आजका मितिदेखि उक्त अधिकृत वारेसको हैसियतले गर्ने कुनै पनि काम कारवाही मान्य नहुने गरी सो को प्रयोजनार्थ मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा १५५(१)(ग) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

–उत्तम खड्गी

नेपाल सरकार
भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमि व्यवस्थापन तथा अभिलेख विभाग
**भुमि सुधार तथा मालपोत कार्यालय,**
**सर्लाही मलंगवा, मोही फांट**

## ३५ दिने सार्वजनिक सूचना

श्री जि. सर्लाही साविक गा.वि.स बेल्ही वडा नं १ हाल चक्रघट्टा न.पा./गा.पा. वडा नं २ मा बस्ने राम स्वर्ण दास वैरागीलाई हकदावी गर्न आउने बारेको सूचना।

उपरोक्त सम्बन्धमा जि.रोटहट साविक गा.वि.स. धर्मपुर वडा नं.६ हाल चन्द्रपुर गा.पा./न.पा. वडा नं. ७ मा बस्ने राम ईश्वर साह रौनियारको श्रीमति मन्जु देवीको नाउँमा दर्ता कायम रहेको जि.स.गा.वि.स वेल्ही वडा नं. १ कि.नं. ९१ को ज. वि. ०-१३-० जग्गाको मोही महलमा रहेको राम स्वर्ण दास वैरागी को नामका भगुवा र मरूवा र मोही लगत कट्टा गरी पाउँ भन्ने निवेदनमा मिति २०८०।०६।०४ को आदेश बमोजिम यो सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस पठाउनु होला। नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मोही लगत कट्टा तर्फ कार्यवाही भै जाने व्यहोरा यसै सूचना द्वारा जानकारी गराइन्छ। पछि तपाईंको उजुर बाजुर लाग्ने छैन।

**नेपाल सरकार**
**दावी विरोध सम्बन्धी**
## वैदेशिक रोजगार विभागको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था श्री **SPACE HR SOLUTION PVT. LTD. (ई.प.नं.१५७१/०७९/०८०)** को साविक **काठमाडौं जिल्ला का.म.न.पा. २६** मा रहेको कार्यालयको साविकको ठेगाना परिवर्तन गरी **काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. १०** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ। अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ।

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Hydrology and Meteorology
Office of Hydrology and Meteorology, Bhairahawa
**Gautam Buddha International Airport Aero-synoptic Station**
**Bhairahawa, Rupandehi**

## Invitation for Electronic Sealed quotation

**Date of Publication: 2080/06/15**

Gautam Buddha International Airport Aero-synoptic Station invites only Electronic Sealed quotation from eligible bidders for the procurement of below mentioned works (1) Construction and Maintenance works at the Weather Station (DHM/GBIAAS/W/SQ/01-2080/81) and (2) Building Maintenance related to Networking, Wiring and construction of Toilet & Bathroom (DHM/GBIAAS/W/SQ/02-2080/81).

For details, please visit https://bolpatra.gov.np/egp/, www.dhm.gov.np/tender Contact : 071-507262/9857052672

**ककनी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यलय**
**रानीपौवा, नुवाकोट**
**बागमती प्रदेश, नेपाल**

## ठेक्का स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८०/०६/१५)

मिति २०८०/०५/०५ गते यस कार्यालयबाट प्रकाशित विद्युती शिलबन्दी दरभाउ पत्र आह्वानको सूचना बमोजिम रीतपुर्वक दर्ता हुन आएका बोलपत्रहरुको बोलपत्र मूल्याङ्कन भई तपसिल बमोजिमको बोलपत्र न्युनतम मूल्याङ्कनको आधार मा सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक (भ्याट समेत) |
|---|---|---|---|---|
| 1 | 01/KKNI/med/ 2080-81 | Purchase of Medicine supplies | Gosaikunda Medicine Suppliers pvt. ltd | १५,३४,४२३.११ पन्ध्र लाख चौतीस हजार चार सय तेइस रुपैया एघार पैसा |

**नेपाली सेना**
**श्री राष्ट्रिय सेवा दल, काठमाडौं**

## बिद्युतीय बोलपत्र (e–GP) आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८०/०६/१५ गते)

१. श्री राष्ट्रिय सेवा दलको लागि आ.व.०८०/८१ को लागि आवश्यक स्टेशनरी, सफाईको सामान, प्रिन्टर तथा फोटोकपी मेशिनहरूको टोनर रिफिल तथा छपाई लगायत अन्य मसलन्द सामानहरू खरिद गर्नको लागि बिद्युतीय बोलपत्र (e–GP) आव्हान गरिएको हुँदा ईच्छुक योग्यता पुगेका बोलपत्रदाताहरूको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | सूचना नं. | सामानको बिबरण | बोलपत्र जमानत रकम रु. | बोलपत्र मान्य अवधि | बोलपत्र दस्तुर रु. | बोलपत्र पेश गर्ने अन्तिम मिति | बोलपत्र खोलुवा मिति र स्थान |
|---|---|---|---|---|---|---|---|
| १ | NA/NCC/ GOODS/080/81/02 | स्टेशनरी, सफाई, छपाई तथा अन्य मसलन्द सामग्रीहरू | ५३,०००।०० | ९० दिन | ३,०००।०० | २०८०/०७/१५ गतेको १२०० बजे | २०८०/०७/१५ गतेको १३०० बजे |

२. ईच्छुक बोलपत्रदाताहरूले थप जानकारीको लागि कार्यालय समयभित्र यस राष्ट्रिय सेवा दलको सम्पर्क नं.०१-४११७४०३ वा ईमेल: ncc@nepalarmy.mil.np मा सम्पर्क गर्न सक्नु हुनेछ वा सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.bolpatra.gov.np/egp बाट विस्तृत जानकारी प्राप्त गर्न सक्नु हुनेछ।
३. बोलपत्र जमानत बापतको बैंक ग्यारेन्टीको अवधि बोलपत्रको मान्य अवधि भन्दा ३० दिन बढी अर्थात १२० दिन अवधिको हुनुपर्नेछ। बोलपत्र जमानत रकम नगदै राख्नेको हकमा श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सुन्धाराको नेपाल बैंक लिमिटेड, भुगोलपार्कमा रहेको खाता नं.००२०१०००००२००३००००१ मा कार्यालय कोड नं. ३४५०१३५५२ उल्लेख गरि जम्मा गर्नु पर्नेछ। साथै, बोलपत्र दस्तुर बापतको रकम नेपाल बैंक लिमिटेड, भुगोलपार्कमा रहेको खाता नं.००१०१००००००००१००१००१ मा कार्यालय कोड नं.३४५०१३५५२ उल्लेख गरी राजश्व शीर्षक नं.१४२२९ मा जम्मा गरी सोको भौचर पेश गर्नु पर्ने छ।

**मण्डनदेउपुर नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**कुन्ताबेशी, काभ्रेपलाञ्चोक**

## दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति: २०८०/०६/१५**

यस नगरपालिकाबाट तपसिलमा उल्लेखित कार्यको लागि मिति २०८०/०४ /३१ मा प्रकाशित शिलबन्दि दरभाउपत्र पेश गर्ने सम्बन्धि सूचना बमोजिम तोकिएको म्यादभित्र रितपूर्वक पेश भएका दरभाउपत्रहरुको प्रस्ताव खोली उक्त दरभाउपत्रहरुको मल्याङ्कन गरि मूल्याङ्कन समितिले पेश गरेको प्रतिवेदन अनुसार सारभुत रुपमा प्रभावग्राही रहेको र अधिकतम प्रतिशत छुट कबोल गर्नेलाई छनौट गर्ने हुदाँ तपसिल बमोजिमको फर्म/एजेन्सि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धि सबै प्रस्तावदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| कार्य विवरण | प्रस्तावदाता फर्म/एजेन्सिको नाम/ठेगाना | कबोल छुट प्रतिशत | कैफियत |
|---|---|---|---|
| 'क' वर्गका प्रचलित नेपाली भाषाका राष्ट्रिय दैनिक पत्रिकामा सूचना तथा विज्ञापनहरु प्रकाशन | आर आर एड मिडिया, बुढानिलकण्ठ-१३, काठमाडौं | ४५% पैंतालिस प्रतिशत | |

**प्रमुख प्रशासकीय अधिकृत**
**मण्डनदेउपुर नगरपालिका**

सडक दुर्घटना

# पाँच वर्षमा १२ हजार ८०० को मृत्यु, ८० हजार घाइते




**काठमाडौं–** सवारी व्यवस्थापन र दुर्घटना न्यूनीकरणमा सरोकारवाला तथा आमनागरिकको भूमिका र जिम्मेवारी बोध गराउने उद्देश्यले काठमाडौं महानगरपालिका र काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयको समन्वयमा आजदेखि 'सडक सुरक्षा तथा ट्राफिक सचेतना सप्ताह-२०८०' सुरु भएको छ ।

सवारी चालक, सडक प्रयोगकर्तालगायत आमनागरिकलाई सडक सुरक्षा र दुर्घटना न्यूनीकरण सम्बन्धमा सुसूचित गराउने, सडक अनुशासन र सुरक्षित प्रयोगका सम्बन्धमा सचेत गराउने उद्देश्यका साथ सप्ताह सुरु गरिएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक पोषराज पोखरेलले जानकारी दिए ।

उपत्यका केन्द्रित बसाइसराइँ, सहरीकरणलगायतबाट भइरहेको जनसंख्या वृद्धि, सवारी चाप, सवारी व्यवस्थापनमा प्रविधिको प्रयोगको कमी, फुटपाथ अतिक्रमण, सवारी नियम तथा ट्राफिक नियमसम्बन्धी ज्ञानको कमीलगायत कारणबाट काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापन जटिल एवं चुनौतीपूर्ण बन्दै गइरहेको छ । अहिले पनि काठमाडौं उपत्यकाको सवारी व्यवस्थापन ट्राफिक प्रहरीको हातको इसाराको भरमा चल्दै आइरहेको छ ।

देशभरि ६३ लाख सवारीसाधन दर्ता छन् । काठमाडौं उपत्यकामा मात्रै करिब १८ लाख सवारीसाधन दर्ता भएको र करिब १४ लाख सवारी दैनिक सडकमा गुड्ने अनुमान गरिएको छ । पछिल्लो पाँच वर्षमा देशभर १२ हजार ८०० को सडक दुर्घटनामा मृत्यु भएको छ भने उपत्यकामामात्रै हजारभन्दा बढीको मृत्यु भएको ट्राफिक प्रहरीको तथ्यांक छ । पाँच वर्षमा सडक दुर्घटनामा परी करिब ८० हजार घाइते भएका छन् ।

गत आवमा सवारी दुर्घटनाबाट मुलुकभर दुई हजार ८८३, आव २०७८/७९ मा दुई हजार ३७६, आव २०७७/७८ मा दुई हजार ५००, आव २०७६/७७ मा दुई हजार २५१ र आव २०७५/७६ मा दुई हजार ७८९ जनाको मृत्यु भएको ट्राफिक प्रहरीले जनाएको छ ।

उपत्यकामा हाल एक हजार ३१३ ट्राफिक दरबन्दी रहेको छ । दरबन्दीभन्दा बढी प्रहरीलाई ट्राफिक व्यवस्थापनमा खटाइएको प्रहरीले जनाएको छ । उपत्यकामा मात्रै एक हजार ८२२ ट्राफिक सवारी व्यवस्थापनमा खटिइएका छन् ।

काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापन थुप्रै चुनौती आइपरेको उल्लेख गर्दै ट्राफिक प्रमुख पोखरेलले सडक संरचना व्यवस्थित हुन नसक्नु, सवारीसाधन अत्यधिक वृद्धिलगायत कारणबाट सडक दुर्घटना बढेको बताए । उपत्यकामा बर्सेनि साना ठूला १० हजार बढी सडक दुर्घटना हुने गरेको छ । सो दुर्घटनामा परी करिब २०० जनाको मृत्यु तथा आठ हजारभन्दा बढी घाइते भएका छन् ।

ट्राफिक प्रहरी प्रमुख पोखरेल विशेषगरी दुई पांग्रे सवारीसाधनको चालकको असावधानी तथा लापरवाहीपूर्ण व्यवहार, मादक पदार्थ सेवन गरी सवारी चलाउने, लेन अनुशासन पालना नगर्ने, तीव्र गतिमा सवारी चलाउनेलगायत कारणबाट दुर्घटना बढेको बताउँछन् । 'समयानुकूल भौतिक पूर्वाधारमा सुधार नहुनु, सडकको अवस्था र प्रविधिको अभावसमेत दुर्घटनाको कारक बनेको छ,' उनले भने ।

प्रमुख पोखरेलले ट्राफिक प्रहरीको एक्लो प्रयासले मात्र ट्राफिक व्यवस्थापन कार्य सम्भव नहुने हुँदा सम्पूर्ण सरोकारवाला निकायको सहकार्य एवं जिम्मेवारीपूर्ण भूमिका आवश्यक रहेको बताए । 'सडकमा ट्राफिक प्रहरीको परिश्रम हाम्रै लागि हो भन्ने मनन् गरी ट्राफिक नियम र सडक अनुशासन पालना गरी सडक सभ्यताको विकास गर्नु सबैको साझा दायित्व हो,' उनले भने, 'सवारी व्यवस्थापन र सहज आवागमनका लागि सबैको हातेमालो र नियम पालना प्रतिको प्रतिबद्धताले मात्र दुर्घटनारहित सुरक्षित यात्रा सम्भव छ ।'

**ट्राफिक प्रहरी स्थापनाको सात दशक**

नेपालमा वि.सं. २००७ मा स्थापना भएको रामदलबाट ट्राफिक नियन्त्रण कार्यको प्रारम्भ भएको थियो । वि.सं. २००९ मा पहिलोपटक 'ट्राफिक पुलिस डिटचाचमेन्ट'को स्थापना गरी तत्कालीन बग्गीखाना हालको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय रहेको स्थानमा कार्यालय सञ्चालन गरेको इतिहास छ ।

ट्राफिक प्रहरीको व्यवस्थासँगै प्रहरीले सवारी व्यवस्थापन गरी विद्यमान ऐन नियमको पालना गराउनुका साथै सवारी नियम उल्लंघन गर्नेलाई कारबाहीको दायरामा ल्याउँदै आएको छ । सडक दुर्घटना न्यूनीकरण गर्दै ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रयासरत छ ।

साँघुरा सडक तथा सीमित सडक सञ्जाल, सम्पूर्ण खोला करिडोर निर्माण तथा सञ्चालन नहुनु तथा सार्वजनिक यातायत क्षेत्रमा हुने अस्वस्थ प्रतिस्पर्धाले ट्राफिक व्यवस्थामा कठिनाइ पैदा भएको ट्राफिक प्रहरीको भनाइ छ । लेन अनुशासनको उल्लंघन, तीव्र गति, ट्राफिक लाइटको वेवास्ता, जथाभावी यात्रु चढाउने र ओराल्ने कार्यले ट्राफिक व्यवस्थापन जटिल बन्दै गएको छ ।

मादकपदार्थ तथा लागुऔषध सेवन गरेर सवारी चलाउने, पैदलयात्रुले जथाभावी बाटो काट्ने प्रवृत्तिले दुर्घटनाको जोखिम बढेको ट्राफिक प्रहरीको भनाइ छ । दुर्घटना न्यूनीकरण गर्न ट्राफिक प्रहरीले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।

ट्राफिक सचेतना सप्ताहको अगाडि दरबारमार्गबाट ट्राफिक सचेतनासम्बन्धी प्लेकार्ड बोकिएको प्रभातफेरि निकालिएको थियो । प्रभातफेरिमा उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ, गृहसचिव दिनेशकुमार भट्टराई, कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य, प्रहरी महानिरीक्षक, काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी, यातायात व्यवस्था विभागका महानिर्देशक, यातायात व्यवसायी, युवा विद्यार्थी तथा सर्वसाधारणको सहभागिता थियो । *रासस*

# 'सवारी दुर्घटना न्यूनीकरणमा सबै जिम्मेवार बन्नुपर्छ'

■ प्रभाव संवाददाता



**काठमाडौं–** उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सवारी दुर्घटनाले निम्त्याएको कहालीलाग्दो अवस्थाको अन्त्य गर्न सरोकारवाला सबैको भूमिका महत्त्वपूर्ण रहेको बताएका छन् । उपत्यका ट्राफिक प्रहरी कार्यालय र काठमाडौं महानगरपालिकाले आइतबार आयोजना गरेको 'सडक सुरक्षा तथा ट्राफिक सचेतना सप्ताह-२०८०'को उद्घाटन गर्दै उनले सडक सुरक्षा ट्राफिक प्रहरीको मात्रै नभएर चालक र अन्य सबैको उत्तिकै जिम्मेवारीको पक्ष भएको बताए ।

'यति समयमा गन्तव्यमा पुग्छौं भन्ने अनुमानलाई सिद्ध बनाउन सक्नु हामी सबैको जिम्मेवारी हो,' गृहमन्त्री श्रेष्ठले भने, 'सडक जामले मानिस समयमा काममा नपुग्ने, जामको बहाना देखाउने, दुर्घटनाबाट धेरै क्षति हुने भएकाले सडक गुणस्तरको समस्यालाई सबै मिली समाधान गर्नुपर्छ ।' उनले सडक ट्राफिक लाइटको वैज्ञानिक प्रयोग गर्ने र ट्राफिक प्रहरीलाई थप 'इन्सेन्टिभ' दिनेबारे पनि छलफल चलिरहेको बताए ।

सडक दुर्घटनाबाट ठूलो मानवीय तथा भौतिक क्षति भइरहेको उल्लेख गर्दै मन्त्री श्रेष्ठले पछिल्लो १० वर्षमा सडक दुर्घटनामा ज्यान गुमाउनेको संख्या भयावह देखिएको बताए । 'सडक दुर्घटनाबाट हुने दुःखद् स्थितिको अन्त्य गर्नु, त्यसलाई प्रभावकारीरूपमा न्यूनीकरण गर्न सचेत पहलकदमी गर्नु सबैको जिम्मेवारी हो,' उनले भने । सवारी दुर्घटना न्यूनीकरण गर्ने जिम्मेवारी ट्राफिक प्रहरीको मात्र नभएको जनाउँदै गृहमन्त्री श्रेष्ठले सडकको गुणस्तर, क्षमता, सवारीसाधनको गुणस्तरीयता, सवारी चालक र आमनागरिकको चेतना तथा आचरण दुर्घटनाका कारण बन्दै आएको बताए ।

प्रहरी महानिरीक्षक वसन्त कुँवरले उपत्यकाको ट्राफिक व्यवस्थापनका सम्बन्धमा नेपाल प्रहरी र सरोकारवाला पक्षबीच सहकार्य अभिवृद्धि गरी आमनागरिकमा प्रभावकारी सेवा प्रवाह गर्नुपर्ने बताए । बढ्दो सरहरीकण, जनघनत्वका आधारमा सवारी पूर्वाधारको अभाव, सवारीसाधनको तीव्र वृद्धि, मानवीय, वातावरणीय र यान्त्रिकलगायत कारणले सडक दुर्घटना बढेको उनको भनाइ थियो । 'प्रहरीले आगामी दुई वर्षको कार्ययोजनामा सडक सुरक्षा र ट्राफिक व्यवस्थापनलाई प्रविधियुक्त बनाइ प्रणालीगत सुधार गर्ने योजना तर्जुमा गरेको छ,' उनले भने ।

वरिष्ठ कलाकार हरिवंश आचार्यले काठमाडौंमा सार्वजनिक यातायातको विकासविना जनताले सुख नपाउने उल्लेख गर्दै सार्वजनिक यातायातमा सरकारले लगानी गर्नुपर्ने बताए । उनले काठमाडौं उपत्यकाको साँघुरा सडक, अव्यवस्थित पार्किङ, सवारीसाधनको अत्यधिक चापका बाबजुद पनि ट्राफिक प्रहरीले ट्राफिक व्यवस्थापन गरिरहेको बताए ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी जीतेन्द्र बस्नेतले राजधानीमा सुरक्षितरूपमा विरोध प्रदर्शन गर्ने स्थान नतोकिँदा ट्राफिक व्यवस्थापन अस्तव्यस्त भएको बताए । अन्तर्राष्ट्रियस्तरका सडक पूर्वाधार निर्माणमा सरोकारवाला निकायले ध्यान दिनुपर्नेमा जोड दिँदै उनले दुर्घटना न्यूनीकरण तथा सवारी व्यवस्थापनमा ट्राफिक प्रहरीको भूमिका महत्त्वपूर्ण रहेको बताए । काठमाडौं महानगरपालिकका प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारीले यातायात क्षेत्र सुधारका लागि काठमाडौं महानगरपालिकाले ३४ करोड रूपैयाँ विनियोजन गरेको जानकारी दिए । उनले सडक सुरक्षालाई प्रभावकारी बनाउन तथा दुर्घटना न्यूनीकरणका लागि प्रत्येक व्यक्तिले प्रण गर्नुपर्नेमा जोड दिए । यातायात व्यवस्थापन विभागका महानिर्देशक उद्धवप्रसाद रिजालले सवारी दुर्घटना न्यूनीकरण गर्न चालक, प्रयोगकर्तालगायतमा सचेतनाको खाँचो रहेको बताए । सवारी व्यवस्थापन गर्न प्रदेश सरकार, स्थानीय तहसँग समन्वय गरेर विभागले काम गरिरहेको उनको भनाइ थियो ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले सवारी दुर्घटना न्यूनीकरण गर्न ट्राफिक प्रहरीको महत्त्वपूर्ण भूमिका रहेको बताए । दुर्घटना कम गराउन सवारी चालक तथा मजदुरलाई ट्राफिक सचेतना र तालिमको व्यवस्था गर्नुपर्ने भन्दै सडक पूर्वाधार सुधारमा सरकारले ध्यान दिनुपर्नेमा उनले जोड दिए । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक पोषराज पोखरेलले ट्राफिक प्रहरीको एक्लो प्रयासले मात्र ट्राफिक व्यवस्थापन कार्य सम्भव नहुने हुँदा सम्पूर्ण सरोकारवाला निकायको सहकार्य एवं जिम्मेवारीपूर्ण भूमिका निर्वाहले मात्रै सडक सुरक्षा र ट्राफिक व्यवस्थापन सम्भव हुने बताए ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL KHALEJIAH CATERING COMPANY
पुर्व स्वीकृति मिति २०८०/०६/१४ LT. No. :293341 चलानी नं. ६०२०८४८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 27 | 0 | 1200 | ४२,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २२ गते (9th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL HAMRA PALACE COMPANY FOR INVESTMENT
पूर्व स्वीकृति मिति : २०८०/०६/१२ LT. No. 293322 चलानी नं.:६०२०८४४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 3 | 0 | 1000 | ३५,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MAGNETIC CONTROL FOR ELECTRICAL TRANSFORMER FACTORY
पूर्व स्वीकृति मिति : २०८०/०६/१२ LT. No. 293323 चलानी नं.:६०२०८४४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 1 | 0 | 1000 | ३५,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २२ गते (9th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RECENT JOB PLACEMENT PVT. LTD
श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-439046, 4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

## MAURITIUS/QATAR मा वैदेशिक रोजगारको अवसर

कम्पनी : MC-GENERAL TRADERS LTD
पूर्व स्वीकृति मिति २०८०/०६/१४ LT. No. : 292231 चलानी नं.:६०२०८४४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cabinet Makers | 30 | 0 | 15,000 | ४४,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Upholsterers | 10 | 0 | 15,000 | ४४,९५० | | | | | | | |

कम्पनी : QATAR CARE
पूर्व स्वीकृति मिति २०८०/०६/१४ LT. No. : 293063 चलानी नं.:६०२०८४८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Caregiver | 0 | 10 | 2200 | ८०,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Nurse | 0 | 40 | 4200 | १५३,५६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २६ गते (13th Oct. 2023) मा हुनेछ ।
Birtamod Municipality, Siddharth Hotel Birtamode, Jhapa मा मिति: २०८० असोज २७ गते (14th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

The Center Overseas Concern Pvt.Ltd
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAN KOK LEYONG NURSERY SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०४/२९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१४ LT. No. 269515 चलानी नं. ६०१९८५३९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Garden Worker | 45 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २२ गते (9th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SWIFT H.R. SOLUTION PVT. LTD.
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com
श्रम ईजाजत नं. ११९७/०७३/०७४

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KRUVENT INDUSTRIES (M) SDN. BHD.
पुर्व स्वीकृति मिति: २०८०/०६/१४ LT. No. 293324 चलानी नं.६०२०८५१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 25 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २२ गते (9th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Richhood Overseas Inc. Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4382899, 4982899 Phone No: 9851191208, 9845473766,
Email: richhood@wlink.com.np Website: www.richhoodoverseas.com
Govt. License 539/061/062

प्रभाव दैनिक National Daily

सम्पादकीय

## प्रतिपक्षीको पगरी फुकालेको एमाले

राजनीतिमा सक्रिय रहेका नेताहरूले केही अघिदेखि नै अहिलेको सदनमा प्रमुख प्रतिपक्षी नभएको आरोप लगाउँदै आएका थिए । आइतबारको सदनमा त्यो पुष्टि भएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल भदौ ३० बाट विदेश सयरमा निस्केका थिए । दाहाल आफूमात्र हैन मन्त्रीहरूको लावालश्कर लगाएर विदेश जाँदा देशमा भने विभिन्न समस्याका कारण आन्दोलन चर्किएको थियो । शिक्षकहरू आफ्नो समस्या सुनाउन काठमाडौं उत्रिएका थिए । चिकित्सकहरू आफू कुटिएको भन्दै सुरक्षा मागी सडकमा ओर्लिएका थिए । यस्तो अवस्थामा एजेण्डारहित चीन भ्रमणमा निस्किएको थियो, प्रधानमन्त्री दाहालको टोली ।

दाहाल काठमाडौं उत्रनसाथ उनीमाथि संसद्मा चर्को आलोचनाको तयारी थियो । तर, देश ओर्लिएको भोलिपल्टै प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली बालुवाटार पुगेर दाहालसँग सौदावाजी गरे । ओली आफूले उठाएको माग पूरा हुने देखिएपछि मक्ख परे । ओलीको माग थियो ६१ किलो सुन तस्करी प्रकरणमा आफ्नो दलको अडान । सुन प्रकरणमा खासै महत्त्व नरहेको जाँचबुझ आयोग गठनमा सम्झौता गर्दा एमालेले प्रधानमन्त्री दाहालको कामै नलाग्ने भ्रमणमाथि प्रश्न उठाउने मौका गुमाए सदनमा । यतिमात्र हैन चाडको मुखमा सरकारले पेट्रोलियम पदार्थको मूल्य चर्को गरी बढाएको थियो । सबैभन्दा रोचक त के रह्यो भने खाना पकाउन इन्डक्सन चुल्हो दिनानुदिन बढ्दो छ । यस्तो अवस्थामा ग्यासको मूल्य घट्नुपर्ने हो । तर, सरकारले एकैचोटि २१५ रूपैयाँ बढाइदियो । त्यो पनि स्वचालित मूल्यको नाममा । यसबारे पनि सदनमा एमालेले आफ्नो उपस्थिति जनाउनुपर्ने हो । तर एमालेले त्यो मौका पनि गुमायो ।

अरु बेला आफ्नो दलको सांसद उठ्नसाथ माइक अन गरिदिने सभामुख देवराज घिमिरेलेसमेत यसपालि सदनमा आफ्नो कडाइपन देखाए । कारण बिहानै एमाले अध्यक्ष ओलीले प्रधानमन्त्रीलाई भेटेका थिए । भेटलगत्तै प्रधानमन्त्रीले आकस्मिक मन्त्रिपरिषद् बोलाएर दुई निर्णय गराउन भ्याए । जसले प्रधानमन्त्री दाहालको आलोचना हुने मुख थुन्न सफल देखियो । प्रधानमन्त्री सदनमा अमेरिका र चीन भ्रमणको सफलता सुनाउन उपस्थित हुनुपर्ने हो । तर, सुरुमै मन्त्रिपरिषद्को निर्णय सुनाएर प्रतिपक्षीहरूलाई चुप गराउने कसरतमा उत्रनुपरेको बाध्यतालाई पनि रोचकै मान्नुपर्ला ।

सिकार खोज्न जंगल पसे पनि केही नभेटेपछि आफैंले हातमा दाँतले टोकेर घाउ बनाउँदै घर फर्केर रुवाबासी गरेझैं प्रधानमन्त्री दाहालले पनि यी दुई निर्णय गरेर प्रतिपक्षीबाट सान्त्वना पाएका छन् । रिसाएको एमालेको पगरी त त फकाइफुल्याइ फुस्काउनुभयो, तर जनता र देशको समस्या छलेर यस्ता लोकरिझ्याइँको काम गरेर सत्ता कति दिन टिकाउनुहुन्छ प्रधानमन्त्रीज्यू ?

# पानी : जीवन र खाद्यको आधार



अनिस मिजार

> खाद्य स्वच्छतासम्बन्धी क्षमता अभिवृद्धि गर्न विभिन्न अन्तर्राष्ट्रिय संघ संस्था र राष्ट्रहरूबाट केही सहयोग प्राप्त भइरहेको छ र भविष्यमा अझ बढ्नसक्ने सम्भावना जीवित हुँदा क्षमता वृद्धि गर्नु अहिलेको आवश्यकता हो । वर्तमान १५औं योजना २०७६-८१ मा खाद्यसुरक्षा तथा पोषणअन्तर्गत खाद्य सम्प्रभुता, दिगो खाद्य तथा पोषण सुरक्षासहितको समाज निर्माण गर्ने सोच तथा स्वच्छ र पोषणयुक्त खाद्य उपलब्धता तथा पहुँचको वृद्धि गर्दै खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने लक्ष्य राखेको छ । यसलाई अब १६औं योजनामा पनि निरन्तरता दिन आवश्यक छ ।

पानी जीवन हो । जीवन सम्भव हुनका लागि पानीको अपरिहार्य आवश्यकता पर्छछ । मानिसको जीवनमा ७० प्रतिशत हिस्सा पानीले नै ओगटेको हुन्छ । शरीरमा विभिन्न तत्त्वको परिवहन गराउने, शरीरको रक्तचाप र तापक्रम नियन्त्रण गर्नेदेखि पाचन एवं उपपाचनपश्चात् उत्पादित विजातीय द्रव्यको निष्कासनमा पनि पानीले महत्त्वपूर्ण भूमिका खेल्छ ।

नियमित अन्तरालमा जलपान नगर्दा जल-अल्पताको सिकार भई अनेकौं स्वास्थ्य समस्याले रोग निम्त्याउँछ । मानव स्वास्थ्यका लागि दैनिक चार-पाँच लिटर पानी पिउनु आवश्यक छ । पानी पर्याप्त नपिउँदा मुख सुक्ने, छाला सुक्खा हुने, जोर्नी दुखाइ, पहेँलो पिसाब आउने, कब्जियत हुने, शारीरिक एवं मानसिक थकाइ लाग्ने, टाउको दुख्ने, पाचनसम्बन्धी समस्या देखापर्ने र प्रतीरक्षा प्रणाली कमजोर हुने गर्दछ । मानवीय प्रदूषणका कारण खडेरी बढेको छ, पानीको वैश्विक अपशिष्ट छ ।

पानी जीवन र खाद्यको आधार हो । त्यसैले मानिसका लागिमात्रै नभई खाद्य तथा वनस्पतिलाई समेत अनिवार्य छ । त्यसैले पानीको संरक्षणमा लाग्न आवश्यक छ । मानिसको जीवन र खाद्यसुरक्षा तथा स्वच्छताका लागि पानीको सुरक्षा अनिवार्य सर्त हो । नेपालमा राष्ट्रिय खाद्य स्वच्छता नीति २०७६ बनेको छ । तर त्यसको कार्यान्वयनमा अझै समस्या छ ।

पानी र खाद्य स्वच्छताका लागि सरकारले विभिन्न नीति बनाए पनि कार्यान्वयनको तहमा कमजोरी देखिएको छ । संविधानमा मौलिक हकको कार्यान्वयनका लागि उपभोक्तालाई स्तरयुक्त खाद्यवस्तुको उपलब्धता सुनिश्चित गर्नुपर्ने व्यवस्था छ । तर, राज्यको नीति कार्यान्वयन गर्ने सुनिश्चितताका लागि तीनै तहका सरकारले खाद्य स्वच्छता तथा गुणस्तर नियमन गर्ने कुरा प्रभावकारी बनाउन सकेका छैनन् । पछिल्लो समय खाद्य स्वच्छता तथा गुणस्तरमा आएको समस्याका कारण जनमानसमा पर्ने नकारात्मक असरले राष्ट्रिय अर्थतन्त्र र व्यापारमासमेत प्रभाव परेको छ । मानिसले प्रयोग गर्ने पानी, माछा, मासु, तरकारी र फलफूललगायतका खाद्यवस्तुको स्वच्छताको महत्त्वलाई प्राथमिकतामा राख्नु आवश्यक देखिन्छ ।

वैश्विक तीव्ररूपमा वृद्धि भइरहेको जनसंख्याका लागि दैनिक आवश्यकता पूर्ति गर्न खाद्यान्नको उत्पादन सोही अनुपातमा बढाउँदै लैजानु आवश्यक छ । तर, त्यस्तो अवस्था विस्तारै कमजोर बन्दै गएको छ । कपितय मुलुकमा खाद्यान्नको अभावका कारण नागरिकको जीवन बचाउन मुस्किल छ । हामीसँग विभिन्न देशमा प्रत्येक वर्ष भोकमरीबाट हजारौं मानिसले अकालमै ज्यान गुमाउनुपरिरहेको तीतो यथार्थ छ । यथार्थमा, खाद्यसुरक्षा भनेको प्रत्येक व्यक्तिलाई आवश्यक पर्ने खाद्यान्नको व्यवस्था मिलाएर कसैले पनि खानेकुराको अभावमा भोकमरीको चपेटामा परेर ज्यान गुमाउनु नपर्ने अवस्था सिर्जना गर्नु हो ।

नेपाल सरकारको प्राथमिकतामा खाद्यसुरक्षा रहेको भन्ने तथ्यलाई नेपालको संविधानमा खाद्य सम्प्रभूताको व्यवस्था हुनुले प्रस्ट पारेको छ । खाद्य असुरक्षाको समस्या एक बहुआयामिक मुद्दा भएकाले समाधानका प्रयासमा पनि बहुपक्षीय संलग्नता आवश्यक हुन्छ । खाद्यसुरक्षाका कार्यक्रमहरू जिल्लाको सहभागिमूलक वार्षिक जिल्ला तथा नगर/गाउँ विकास योजना तर्जुमा प्रक्रियामा संयोजन गर्दै कार्यान्वयन गर्नुपर्छ ।

नेपालको संविधानको भाग ३, धारा ३६ ले प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक, खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट बच्ने हकका साथै प्रत्येक नागरिकलाई कानुनबमोजिम खाद्य सम्प्रभूताको हक हुनेबारे व्यवस्था गरेको छ । खाद्यसुरक्षाको सुनिश्चितताका लागि संविधानमा राखिएको हकले राज्यको प्राथमिकता बोध गराउँछ ।

गाँस, बास र कपास हरेक मानिसको नैसर्गिक अधिकार हो । न्यूनतम मानवीय आवश्यकताको अभावमा मानव जीवनको अस्तित्त्व नै रहन सक्दैन । मानिसले खाना, आवास, कपडा, शिक्षा र स्वास्थ्यजस्ता आधारभूत आवश्यकता परिपूर्तिकै लागि प्राथमिकताका साथ काम गर्दछ । त्यसमध्ये पनि खाद्यवस्तुको आवश्यकता पूरा गर्न मानिसले शारीरिक र मानसिक शक्ति बढी खर्च गर्नुपर्दछ । 'पेट पाल्नकै लागि त काम गरेको हो' भन्ने उक्तिबाट पनि स्पष्ट हुन्छ कि खाद्यान्न मानिसको पहिलो आवश्यकता हो । खाद्यको अभावमा जीवन चल्न सम्भव हुँदैन ।

नेपाल संसारका ७६ राष्ट्रहरूमध्ये विश्वव्यापी भोकमरी सूचकांकमा ४४औं गम्भीर स्थानमा पर्दछ । नेपालकोमध्ये तथा सुदूरपश्चिमाञ्चल क्षेत्र सबैभन्दा तल्लो स्तरमा पर्दछन् । करिब ४१ प्रतिशत मानिसहरूले आवश्यक न्यूनतम आहारभन्दा कम उपभोग गरिरहेका छन् । नेपालमा ४१ प्रतिशत बालबालिकाहरू अझै पनि दीर्घ कुपोषणबाट पीडित छन् ।

खाद्यसुरक्षालाई मानवअधिकारको एक आधारभूत अंगको रूपमा लिइएको छ । नेपालको संविधान २०७२ ले पनि खाद्य सम्प्रभुत्तालाई आधारभूत मानवअधिकारको मान्यता प्रदान गरेको छ । विश्व खाद्य सम्मेलन सन् १९९६ अनुसार प्रत्येक व्यक्तिको सधैं पर्याप्त, स्वच्छ तथा पोषणयुक्त र आफ्नो आवश्यकता र चाहनाअनुरूपको खानामाथि भौतिक तथा आर्थिक पहुँच भएमा मात्र खाद्यसुरक्षा भएको मान्न सकिने बताएको छ । सबै प्रदेश तथा स्थानीय तहमा पोषण स्थिति एवं खाद्यवस्तुको गुणस्तर र स्वच्छता सुनिश्चित गर्न नियमन प्रणाली विकास तथा संस्थागत गर्ने रणनीति अवलम्बन गरिएको छ ।

नेपाल जनसंख्या र खाद्यान्न उत्पादनको तुलनात्मक अध्ययनअनुसार हालसम्म खाद्यान्न अभाव तथा भोकमरीको प्रकोपमा पर्ने अवस्थामा देखिँदैन । यद्यपि, उत्पादित खाद्यान्नको वितरण र बजार व्यवस्थापनमा धेरै कमजोरी छन् । कठिन भौगोलिक अवस्थिति र यातयातको कठिनाइले उत्पादित खाद्यान्न विकट ग्रामीण क्षेत्रसम्म समानुपातिकरूपमा वितरण भएको देखिँदैन ।

मनसुनमा आधारित कृषि प्रणाली रहेको नेपालमा जलवायु परिवर्तनका कारण समयानुकूल वर्षा नहुँदा कृषि उत्पादनमा उत्तारचढाव भइरहन्छ । जलवायु परिवर्तनका कारणबाट खाद्यान्न संकटको स्थिति पनि आउनसक्छ । तथापि, नेपालको बढ्दो जनसंख्याको अनुपातमा कृषि उत्पादन वृद्धि हुन नसक्नुले भविष्यमा भोकमरीको चपेटामा पर्नसक्ने सम्भावना प्रवल छ । खाद्यसुरक्षाका लागि सरकारले बेलैमा वातावरणीय प्रभावबाट मुक्त हुन योजनाहरू बनाएर अघि बढ्नुपर्छ । हालको स्थितिमा नेपालमा खाद्यान्नको आवश्यकता, उत्पादन स्थिति र सरकारले नेपाल खाद्य संस्थानमार्फत खाद्यान्न ढुवानीमा अनुदान दिई दुर्गम जिल्लाहरूमा वितरण गरिरहेकाले धेरै अभाव भएको देखिँदैन । सुगम जिल्लामा पनि नेपाल खाद्य संस्थाले आफ्नै स्रोतबाट खाद्यान्न वितरण गरेर निजी क्षेत्रबाट वृद्धि हुनसक्ने बजार मूल्य स्थिर राख्न गर्दै आएको योगदान सरहानीय छ । खाद्यान्नको उत्पादन र वितरणमा सबै क्षेत्रबाट पुगेको योगदानबाट नेपालमा हालसम्म खाद्य आपूर्तिमा सन्तुलन कायम हुँदै आएको देखिन्छ ।

सरकारले खाद्यान्नको उत्पादन न्यून भएर खाद्य असुरक्षाको स्थिति देखिने गरेका मुलुकका ३० वटा पहाडी र हिमाली जिल्लामा ढुवानी अनुदान दिएर नेपाल खाद्य संस्थानमार्फत खाद्यान्नको परिचालनलाई निरन्तरता दिँदै आएको छ । यसका अतिरिक्त नेपालभरका अन्य भागमा निजी क्षेत्रबाट खाद्यान्न परिचालन हुँदै आएकाले खाद्य असुरक्षाको स्थिति उत्पन्न भएको छैन । नेपालको कूल भूभागको ४०.४ प्रतिशत वन र ४.४ प्रतिशत झाडी तथा बुटचान गरी कूल क्षेत्रफलको ४४.७ प्रतिशत वनले ओगटेको छ । नेपालमा खाद्यान्न समस्या राष्ट्रव्यापी नभएर क्षेत्रगत रूपमा बढी छ ।

खाद्य स्वच्छतासम्बन्धी क्षमता अभिवृद्धि गर्न विभिन्न अन्तर्राष्ट्रिय संघ संस्था र राष्ट्रहरूबाट केही सहयोग प्राप्त भइरहेको छ र भविष्यमा अझ बढ्नसक्ने सम्भावना जीवित हुँदा क्षमता वृद्धि गर्नु अहिलेको आवश्यकता हो । वर्तमान १५औं योजना २०७६-८१ मा खाद्यसुरक्षा तथा पोषणअन्तर्गत खाद्य सम्प्रभुता, दिगो खाद्य तथा पोषण सुरक्षासहितको समाज निर्माण गर्ने सोच तथा स्वच्छ र पोषणयुक्त खाद्य उपलब्धता तथा पहुँचको वृद्धि गर्दै खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने लक्ष्य राखेको छ । यसलाई अब १६औं योजनामा पनि निरन्तरता दिन आवश्यक छ । तीनै तहका सरकार र विकास साझेदारहरूसहित मिलेर भर्खरै मात्र खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी आगामी रणनीतिक घोषणापत्र जारी भएको छ । यसको कार्यान्वयनमा सरोकारवाला सबै जिम्मेवार बन्नुपर्छ ।

मनन्योग्य

## चाणक्य नीति

यो विशान राज्य जरो अब यति बलियो भइसक्यो, शताब्दीसम्म कसैले यसपछि आँखा उठाएर हेर्न सक्तैन । यो साम्राज्य मजबूत हो यो पनि जान्छु मेरो ठाउँमा अत्यन्त गुणी चरित्रवान देशभक्त राक्षस महामात्य पदमा बस्छन, यो चाणक्यको अन्तिम इच्छा हो। राक्षस महामात्य पदमा बस्नेछन् भनी चाणक्यले आत्मविश्वाससँग भने ।

'तर के राक्षसले यो प्रस्ताव स्वीकार्लान् । किन कि, बारम्बार असफलतापछि पनि आफ्नो पराजयको चोट उनका हृदयमा बसिरहेको छ' चन्द्रगुप्तले पीडित हुँदै भने ।

"होइन बाबू ! सामूहिक जयले व्यक्तिगत पराजय हुदैन, तर व्यक्तिगत पराजयले ठूलोभन्दा ठूलो विजयमा पनि घोचिरहन्छ । राक्षसलाई आफ्नो बनाउन मैले जीवनको सबभन्दा ठूला साधना अहिले नै पूर्ण गर्नुपर्छ ।' म राक्षसको खोजी गर्न जान्छु भन्दै राजभवनबाट निस्के र राक्षसलाई खोजी छाडे ।

एउटा शीघ्र गति गएको बग्गी चढेर बाटो हिँड्ने रथबाट चाणक्य राक्षसलाई भेट्न जंगलतिर हिँडे ।

राक्षस झ्याम्म परेको एउटा स्मृति ढुंगामा आसन जमाई ध्यानमग्न थिए । घोडाको टापको आवाज सुनी ध्यान भंग भयो । झस्केर अगाडि हेरे । देखे एउटा रथ तीब्रगतिले उनीतिर आउदैछ ।

नजिकै आएपछि त्यस रथमा चाणक्यलाई देखी आश्चर्यमा परे । चाणक्यले हात जोड्दै नीति शिरोमणि ! परमगुणी महामात्य राक्षसलाई प्रणाम । 'चाणक्य तपाईलाई फेरि पाटलीपुत्र लैजान आएको छु । किन कि हीराको शाभा उचित ठाउँमा नै हुन्छ ।' राक्षस केही क्षोभले बाले-'अब यस्ता वचन भी मलाई किन लज्जित गर्छौ ? मेरा साथमा अब के नै छर ?'

'मित्र ! शान्त हुनुहोस् ! देशभक्तको गुणको अनुपम भण्डार तपाईको ढुकुटी हो जसको अब पाटली पुत्रलाई नितान्त खाँचो छ । तपाईका परिवार र चन्द्रगुप्त तपाइकै प्रतीक्षा गरिरहेछन्', हाँसी चाणक्यले भने । मेरा मालिक स्वगृबासी हुनुभयो उहाँको तपाईहरूद्वारा हत्या भयो । अब मलाई दास (नोकर) बनाउन आउनुभयो ? मलाई यो पद चाहिँदैन-राक्षसले भने । क्रमशः

पत्र-मञ्जुषा

## सरकारी कर्मचारीले आन्दोलन गर्न मिल्छ ?

सरकारले बनाएको ऐन, कानुन सरकारी कर्मचारी नै मान्दैनन् । उनीहरू आफ्नो जिम्मेवारीबाट पन्छिन खोज्छन् । कार्यालयको सामान चोरेर लैजानु, भ्रष्टाचार गर्नु तथा घूस खानु, सरकारी गाडीको दुरूपयोग गर्नु, कहिल्यै कार्यालय समयमा हाजिर नहुनु सरकारी कर्मचारीहरूका लागि यो नौलो होइन ।

जनताले तिरेको करबाट सरकारी कर्मचारी तथा शिक्षक, चिकित्सकलगायत तलबभत्ता खान्छन् । तर, बालबालिका पढाउनुको साटो तथा बिरामीको उपचार गर्नुको साटो उनीहरू नै सडक आन्दोलन गर्छन् । हाम्रो देशमा अधिकांश शिक्षकहरू राजनीतिक पार्टीको झोला बोक्छन् ।

अनि डाक्टरको लापरवाहीका कारण सद्दे मान्छेले आफ्नो ज्यान गुमाउनुपरिरहेको छ । अहिले पनि चिकित्सकहरू सरकारी अस्पतालमा हाजिर गर्छन् तर काम भने निजी क्लिनिकमा गर्छन् । जनताले तिरेको करमा मोजमस्ती गर्ने, राजनीतिक पार्टीको झोला बोक्ने अनि सडक आन्दोलन गरेर जनतालाई नै दुःख दिने ?

सरकारी कर्मचारीहरू घुसिया र राजनीतिक दलको झोले हुँदा आज मुलुकलाई २३ खर्ब नौ अर्ब रूपैयाँ विदेशी ऋण लागेको छ । प्रत्येक नेपालीको टाउकोमा ९० हजार रूपैयाँ विदेशी ऋण छ । सर्वसाधारणले तिरेको करबाट तलबभत्ता खाएर सडक आन्दोलन गरी जनतालाई दुःख दिने यस्ता शिक्षक र चिकित्सकलाई बर्खास्त गर्नुको साटो उल्टै सरकार उनीहरू सामु झुक्छ ।

सरकारले नै सरकारी कर्मचारीमाथि भेदभाव गरिरहेको छ । शिक्षकले आन्दोलन गर्दा जनताको छोराछोरीले पढ्न पाएनन् । चिकित्सकले आन्दोलन गर्दा बिरामीले उपचार पाएनन् । तर पनि उनीहरूको तलब काटिएन । यता जनताको सुरक्षामा दिनरात खटिरहेको प्रहरीलाई भने न सरकारले तलबभत्ता नै बढाइदिन्छ न कहिल्यै छुट्टी नै दिन्छ ।

प्रहरी पनि सरकारी कर्मचारी नै हुन् । तर, अन्य सरकारी कर्मचारीले आन्दोलन गर्दा प्रहरीले नै सुरक्षा दिनुपर्छ । घाइते हुनुपर्छ । कतिपयको त झडपको क्रममा मृत्युसमेत हुन्छ । यदि प्रहरी दिनरात नखटिने हो भने हामी नागरिक ढुक्क भएर हिँड्न सक्दैनौं । तर, तीनै प्रहरीमाथि राज्यले हेला गरिरहेको छ ।

न पुग्ने तलब दिएको हुन्छ न प्रोत्साहन नै । प्रहरी कर्मचारीले सामान्य गल्ती गरेमा पनि उसलाई निलम्बन वा बर्खास्त गरिन्छ । उदाहरणका लागि शिक्षक, चिकित्सक आन्दोलनका लागि करोडौं जनताले दुःख पाए । तर, प्रहरीले एक दिन आन्दोलन गरेमा यहाँ के हुन्छ ? आन्दोलन गर्ने अधिकार त प्रहरीमा पनि छ । राज्यलाई आफूहरूको माग पूरा गराउनका लागि दबाब दिनु उनीहरूको पनि त अधिकार हो । किनकि अन्य सरकारी कर्मचारीहरू सरकारलाई घुँडा टेकाउन दिनहुँजसो आन्दोलन गरिरहेका हुन्छन् ।

हाम्रो मुलुकमा अहिलेसम्म प्रहरी आन्दोलन भएको पाइँदैन । अहिलेसम्म प्रहरीहरूले आफ्नो हकअधिकार र माग पूरा गराउनका लागि आन्दोलन गरेका छैनन् । किनकि उनीहरू जनता र राष्ट्रप्रति जिम्मेवार छन् । जनताले नै तिरेको करबाट आर्मीहरूले ब्यारेकभित्र बसेर तलबभत्ता खाएका छन् ।

उनीहरूले देश र जनताका लागि सिन्को भाँचेका छैनन् । सार्वजनिक कार्यमा उनीहरूको अहिलेसम्म योगदान रहेको पाइँदैन । अहिले आमजनमासमा आर्मी र राजनीतिक पार्टीका झोले शिक्षक तथा चिकित्सक हटाउनुपर्ने आवाज उठिसकेको छ । जनता सरकारलाई कर तिर्न नसक्ने अवस्थामा पुगेका छन् ।

मुलुकमा उद्योग, कारखाना केही छैन । भएको खेतीयोग्य जमिन पनि घर र बाटो बनाएर मासिसकिएको छ । बजारमा हप्तैपिच्छे महँगी बढेको छ । मानिसहरू बेरोजगार भएका छन् । मन्दीका कारण व्यवसायीहरू पनि विदेश पलायन भएका छन् । देश यो अवस्थामा कसरी पुग्यो ? कसले पुऱ्यायो ?

सरकारी कर्मचारीकै कारण आज विश्वमा नेपाल भन्ने देश नै नरहने अवस्था निम्तिएको छ । विदेशी ऋणले सीमा नाघिसकेको छ । गरिबी, बेरोजगारी र महँगीका कारण लुटपाट, हत्या, हिंसा बढेको छ । अब जनताले राजनीतिक दलको चाल बुझ्न जरुरी छ । सरकारी कर्मचारीहरूको स्वार्थ बुझ्नुपर्छ । पार्टीभन्दा माथि गएर देशका लागि सोच्नुपर्छ ।

*रुषा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# हिरासत कक्षमा पुस्तकालय स्थापना




**बेनी (म्याग्दी)–** जिल्ला प्रहरी कार्यालय म्याग्दीको हिरासत कक्षमा पुस्तकालय स्थापना गरिएको छ । सामाजिक र मानवीय सेवाको क्षेत्रमा क्रियाशील लायन्स क्लब अफ बेनी लब्लीहिलले शनिबार सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न मुद्दामा न्यायिक हिरासतमा रहेका थुनुवा बन्दीलाई लक्षित गरी पुस्तकालयको स्थापना गर्न सहयोग गरेको हो ।

पुस्तकालयको लायन्स क्लब अफ ३२५ 'बी' आई नेपालका रिजन पर्सन अर्जुन पौडेलले प्रहरी नायब उपरीक्षक मदन कुँवरलाई ५०० थानभन्दा बढी पुस्तक हस्तान्तरण गरेका थिए । पुस्तकालयमा नेपालका प्रसिद्ध लेखकका साहित्यिक पुस्तकसँगै विभिन्न विधाका पुस्तक रहेका छन् । प्रहरी नायब उपरीक्षक कुँवरले पुस्तकालयले प्रहरी र थुनुवाको दैनिकीलाई समेत सघाउने र आचरण तथा व्यवहार परिवर्तन गर्न सहयोग पुऱ्याउने बताए ।

हिरासत कक्षमा रहेका थुनुवा, प्रहरी कार्यालयमा कार्यरत प्रहरी अधिकृत तथा जवानका साथै थुनुवालाई भेट्न आउनेलाई समेत लक्षित गरी पुस्तकालय स्थापना गरिएको लायन्स क्लब अफ बेनी लब्लीहिलका अध्यक्ष नेत्रराज सुवेदीले जानकारी दिए ।

पुस्तकालय स्थापना कार्यक्रममा लायन्स क्लब अन्तर्राष्ट्रियका रिजन पर्सन अर्जुन पौडेल, एवजी खम थापा, लायन्स क्लब अफ दोभानकी अध्यक्ष जमुना केसीले हिरासतमा रहेका व्यक्तिलाई पुस्तकालयको प्रयोगमा प्रोत्साहन गर्न सकेमा पठन संस्कृतिमा परिवर्तन ल्याउन सकिने र सकरात्मक सोचको विकास गराउन सकिनेमा जोड दिए ।

यसैबीच हिरासत कक्षमा स्थापना गरिएको पुस्तकालयमा लायन्स क्लब अफ बेनी लब्लीहिलका संस्थापक अध्यक्ष पौडेलले आफ्नो जन्मदिनको अवसरमा विभिन्न पुस्तक हस्तान्तरण गरेका छन् । *रासस*

## जलहरीमा...

पृष्ठ १ बाट जारी

निर्माण गरिएको जलहरी, जलधारा, नाग, नागमूर्ति, सुनको किलालगायतमा प्रयोग गरिएको सुनको परिमाण ९६ किलो ८२२ ग्राम रहेको अख्तियारले जनाएको छ । तर, कोषले भने १० किलो ९७६ ग्राम सुन रिङ बनाएर चढाइएको दाबी गरेको थियो । उक्त परिमाणको सुनको तत्कालीन बजार मूल्य भनेका सात करोड ८६ लाख ४६ हजार बराबर हो । आयोगले खोजबिन गर्दा भने रिङ नै फेला परेन ।

यसपछि आयोगले जलहरीको मुचुल्कामै शंका गरेको थियो। अर्कातिर कोषकै केही सदस्यले जलहरी बनाएर बाँकी रहेको सुन केही पदाधिकारी र कर्मचारीको मिलेमतोमा गायब पारेको भन्दै खोजबिन पनि गरे । यसपछि अख्यितारमा उजुरी परेको हो । उजुरीलाई लिएर अख्तियार जलहरीको सुन खोजबिनमा लागेकै बेला महालेखापरीक्षकको कार्यालयले पनि ५९ औं वार्षिक प्रतिवेदनमार्फत जलहरीमा 'कैफियत' भएको किटान गरेको थियो ।

कार्यालयले प्रतिवेदनमा यस्तो विषय उल्लेख गरेपछि संघीय संसद्मा सत्ता नेतृत्व दल नेकपा माओवादी केन्द्रका सांसद लेखनाथ दाहालले पशुपतिको जलहरीमा अनियमितता भएको अभिव्यक्ति दिएका थिए । उनले सुन लगाउनुपर्नेमा जलहरीमा 'पित्तल' लगाएको आरोप लगाएका थिए ।

उनको यो अभिव्यक्ति प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध लक्षित थियो । यसपछि एमालेले जेठको दोस्रो साता लगातार जस्तो संसद् अवरोध गऱ्यो । अन्ततः एकातिर आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट पारित गराउनुपर्ने र अर्कातिर भारत भ्रमणमा जानुपर्ने अवस्थापछि प्रधानमन्त्री पुष्पकमल दाहालले जलहरी काण्डमा पूर्वप्रधानमन्त्री ओलीको संलग्नता नभएको प्रस्टीकरण संसद्मै दिएका थिए । जलहरीमा अनियमितता भए पनि त्यो तत्कालीन प्रधानमन्त्री ओलीभन्दा पनि कोषकै क्षेत्राधिकारमा पर्ने भएकाले जलहरी काण्डमा ओलीलाई मुछ्न नहुने भन्दै दाहालले प्रस्टीकरण दिएका थिए । लगत्तै सभामुख देवराज घिमिरेले सांसद दाहालको अभिव्यक्ति संसद्को रेकर्डबाट हटाएका थिए ।

यी विकसित राजनीतिक घटनाक्रमबीच अख्तियारले जहलरी काण्डमा भ्रष्टाचार भएको निष्कर्ष निकाल्दै वर्तमान सदस्यसचिव, निवर्तमान सदस्यसचिव र स्टोर किपरविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो । आयोगले सुनको जलहरी बनाउनेजस्तो संवेदनशील विषयमा सम्बन्धित आधिकारिक ज्ञान भएको विज्ञ व्यक्तिमार्फतमात्र कार्य अगाडि बढाउनुपर्नेमा त्यसो नगरेको जनाएको छ ।

बरु, सुनसम्बन्धी काम गर्न सक्ने सम्बन्धित निकायबाट इजाजत नलिएको अनधिकृत व्यक्तिमार्फत कालिगढका रूपमा काममा लगाएको ठहर गरेको छ । एक किलो ५६५.६ ग्राम शुद्ध सुनको परिमाण जलहरीमा कम देखिएको दाबी पनि अख्तियारको छ । एक किलो ४९१ ग्राम ७१८ मिलिग्राम सुन भने निवर्तमान सदस्यसचिव ढकाल र वर्तमान सदस्यसचिव थापाले हिनामिना गरेको अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

२०७७ फागुन ११ गतेपछि रिङ बनाउने क्रममा कुनै पनि मुचुल्का नगरी अनधिकृतरूपमा रुद्रगाडेश्वरस्थित सेफबाट सुन बाहिर निकाली प्रयोगमा ल्याएको, सुनको हिनामिना गर्ने नियतका साथ मिश्रणमा सुनको मात्रा एक किलो ४९१.७१८ ग्राम घटाइ चाँदी र तामाको मात्रा बढाएको विवरण पनि आरोपपत्रमा छ ।

कोषमा बिसेट नाइके (स्टोरकिपर) अरुणकुमार श्रेष्ठले कोषको सम्पत्ति संरक्षण गर्ने जिम्मेवार व्यक्ति भए पनि जलहरी निर्माणका क्रममा रुद्रगाडेश्वरमा बाँकी रहेको सुनबाट रिङमा प्रयोग गरिएको सुनको उचित हिसाब नराखेर बद्नियतपूर्वक कार्य गरेको उल्लेख गरिएको छ । उनले विनामुचुल्का गैरजिम्मेवार तवरले कार्य गरेको बताइएको छ । यसअघि वर्तमान सदस्यसचिव थापाले भने जलहरीमा भ्रष्टाचार नभएको जिकिर संसदीय समिति बैठकमा गरेका थिए । बैठकमा रोएका उनले आफूलाई अनुहार देखाएर हिँड्न समस्या भएको भन्दै आत्महत्या गर्न मन लागेको बताएका थिए । तर, अख्तियारले जलहरीमा थापासहितले भ्रष्टाचार गरेको ठहरसहित अदालतमा मुद्दा चलाएको हो ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : POSITIVE IMPACT FOUNDATION FOR GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति २०८०/०६/१२ | LT. No. 293310 | चलानी नं. ६०२०८४४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labor | 3 | 0 | 1200 | ४२,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २२ गते (9th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**AL-HERA OVERSEAS PVT. LTD.**

Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, Fax :+977-1-4460601
E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FLEX FACILITY MANAGEMENT L.L.C

पूर्व स्वीकृति मिति २०८०/०२/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१४ | LT. No. 286898 | चलानी नं. ६०२०२२७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/cleaning Worker | 50 | 0 | 800 | २८,८१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guard/life Guard/guard/happiness Consulta | 22 | 0 | 1200 | ४३,२१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २२ गते (9th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NOVA INTERNATIONAL PVT. LTD.** श्रम इजाजत नं. १०१९/०६८/०६९

Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np



## कतार/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GALAXY TRADING & CONTRACTING

पूर्व स्वीकृति मिति २०८०/०२/१६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१४ | LT. No.286801 | चलानी नं. ६०२०२१५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pipe Fitter | 1 | 0 | 1200 | ४३,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ERA SUPPORT COMPANY LTD

पूर्व स्वीकृति मिति : २०८०/०६/१२ | LT. No.293239 | चलानी नं. ६०२०८४५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६३,९०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 20 | 0 | 1000 | ३५,५०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २२ गते (9th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd** श्रम इजाजत नं. ३८४/०५९/०६०

Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.com.np



## कुवेत/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SIGNATURE COMPANY FOR RECEIVING AND DELIVERING CLOTHES

पूर्व स्वीकृति मिति २०८०/०६/१४ | LT No :293371 | चलानी नं. ६०२०८५१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 4 | 0 | 150 | ६४,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MAJESTIC RESTAURANT MANAGEMENT COMPANY

पूर्व स्वीकृति मिति २०८०/०६/१४ | LT No :293370 | चलानी नं. ६०२०८५१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Casher | 0 | 10 | 150 | ६४,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner (Indoor) | 10 | 10 | 85 | ३६,६१० | | | | | | | |
| 3 | Cook/chef Assistant. | 20 | 0 | 150 | ६४,६१० | | | | | | | |
| 4 | Runner | 10 | 0 | 110 | ४७,३८० | | | | | | | |
| 5 | Waiter/waitress | 20 | 10 | 150 | ६४,६१० | | | | | | | |

कम्पनी : MANICURE BAR SALON COMPANY TO BEAUTYFY WOMEN

पूर्व स्वीकृति मिति २०८०/०६/१४ | LT No :293369 | चलानी नं. ६०२०८५११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser/beautician/nail Technician | 0 | 10 | 140 | ६०,३०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure & Pedicure | 0 | 10 | 140 | ६०,३०० | | | | | | | |

कम्पनी : SELLA CAFE

पूर्व स्वीकृति मिति २०८०/०६/१४ | LT No :293317 | चलानी नं. ६०२०८५१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bell Man | 1 | 0 | 1400 | ५१,२०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 2 | 0 | 1000 | ३६,५७० | | | | | | | |
| 3 | General Supervisior | 1 | 0 | 2500 | ९१,४२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २२ गते (9th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**

Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ANFASH CORPORATION FOR CAR SERVICES

पूर्व स्वीकृति मिति : २०८०/०६/१२ | LT No :293374 | चलानी नं. ६०२०८४९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaner | 4 | 0 | 1000 | ३५,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL FALAK MANPOWER SERVICE COMPANY

पूर्व स्वीकृति मिति : २०८०/०६/१२ | LT No :293290 | चलानी नं. ६०२०८४५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 16 | 0 | 1000 | ३५,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २२ गते (9th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MARGA DARSHAN HUMAN RESOURCE PVT. LTD.** श्रम ईजाजत नं. १६११/०७९/८०

Tokha 5, Basundhara, Kathmandu, Tel: 01-4971666, Mobile: 9851003483, 9851082446
Email: info@margadarshanhr.com.np, Web: www.margadarshanhr.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHRKH DAR YAFA LIDARTULMTAM WALMTABKH

पूर्व स्वीकृति मिति २०८०/०६/१४ | LT. No. :293250 | चलानी नं.६०२०८४८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker | 2 | 0 | 1400 | ५१,२०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cooker | 6 | 0 | 1600 | ५८,५१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २२ गते (9th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**KALIKA HUMAN RESOURCE PVT LTD**

Govt. License 1331/074/75

Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803 ,4965281, Mobi No.: 977-9851185716, 9818121112, Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DOHA ALKHALIJ DECORE

पूर्व स्वीकृति मिति: २०७९/०९/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१४ | LT No :278757 | चलानी नं. ६०१९४२१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 43 | 0 | 1000 | ३६,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CITIZEN CONTRACTING CLEANING AND SERVICES

पूर्व स्वीकृति मिति २०८०/०५/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१४ | LT. No. 291780 | चलानी नं. ६०२०७०३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUSINESS EXECUTIVE | 11 | 0 | 2500 | ९०,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Data Analyzer | 1 | 0 | 4000 | १४५,४८० | | | | | | | |
| 3 | Data Entry | 9 | 22 | 1000 | ३६,३१० | | | | | | | |
| 4 | Foreman | 3 | 0 | 3000 | १०९,११० | | | | | | | |
| 5 | GENERAL CLEAN WORKER | 0 | 4 | 2500 | ९०,०२० | | | | | | | |
| 6 | LABOUR | 1 | 0 | 6000 | २१६,०५० | | | | | | | |
| 7 | MANAGER VARIETY | 2 | 0 | 2000 | ७२,७४० | | | | | | | |
| 8 | marketing represent | 8 | 0 | 1000 | ३६,३१० | | | | | | | |
| 9 | PAINTER | 4 | 0 | 2500 | ९०,०२० | | | | | | | |
| 10 | Representative | 3 | 0 | 2000 | ७२,७४० | | | | | | | |
| 11 | Sales Supervisor | 4 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 12 | Salesman | 1 | 0 | 3500 | १२७,२९५ | | | | | | | |
| 13 | SUPERVISIOR | 0 | 2 | 1500 | ५४,५५५ | | | | | | | |

कम्पनी : MULTIPLEX CLEANING & CONT. WLL

पूर्व स्वीकृति मिति २०८०/०४/११ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१४ | LT. No. 289954 | चलानी नं. ६०२०५२५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Admin Director | 0 | 1 | 6000 | २१६,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 3 | Cashier | 0 | 1 | 1700 | ६१,२१५ | | | | | | | |
| 4 | Electrician | 3 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 5 | Foreman | 1 | 0 | 2500 | ९०,०२० | | | | | | | |
| 6 | General Clean Worker | 15 | 24 | 1000 | २६,३१० | | | | | | | |
| 7 | Helper | 1 | 0 | 1000 | ३६,३१० | | | | | | | |
| 8 | Labour | 10 | 0 | 1000 | ३६,३१० | | | | | | | |
| 9 | Manager Variety | 1 | 0 | 6000 | २१६,०५० | | | | | | | |
| 10 | Mason | 4 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 11 | Painter | 2 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 12 | Plaster Worker | 5 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 13 | Plumber | 1 | 0 | 1200 | ४३,२१० | | | | | | | |
| 14 | Receptionist | 0 | 1 | 1700 | ६१,२१५ | | | | | | | |
| 15 | Salesman | 1 | 0 | 1700 | ६१,२१५ | | | | | | | |
| 16 | Supervisior | 11 | 1 | 2500 | ९०,०२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २२ गते (9th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD** श्रम इजाजत नं. १२२४/०७४/०७५

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
Mobile No. 9849007152, 9842695111, E-mail: jalajalarecru2017@gmail.com

## टप २३ प्रतिस्पर्धी सार्वजनिक

विवाहित महिलाहरूबीचको सौन्दर्य प्रतियोगिता 'मिसेस नेपाल वर्ल्ड–२०२३' को टप २३ प्रतिस्पर्धी सार्वजनिक गरिएको छ । प्रतियोगिताको आयोजक संस्था रिवन इन्टरटेनमेन्टले एक समारोहबीच टप २३ प्रतिस्पर्धी सार्वजनिक गरेको हो । उनीहरूलाई कन्टेस्टेन्ट ट्याग नम्बरसमेत प्रदान गरिएको छ । प्रतिस्पर्धीहरूले विभिन्न चरण पार गर्दै आगामी कात्तिक २ गते राजधानीमा आयोजना हुने प्रतियोगिताको अन्तिम स्पर्धामा ताजका लागि प्रतिस्पर्धा गर्ने आयोजकले जानकारी दिएको छ ।



# पोखरामा कवि मञ्जुलको एकल वाचन




■ प्रभाव संवाददाता

**गण्डकी–** पोखरेली युवा सांस्कृतिक परिवारको मञ्चमा शनिबार कवि मञ्जुल प्रस्तुत भए । परिवारद्वारा आयोजित 'एकल कविता वाचन'मा उनले दर्जनभन्दा बढी कविता सुनाए । 'गायक यात्री' शीर्षकको कविताबाट मञ्जुलले वाचन सुरु गरेका थिए ।

पोखरेली वाङ्मयप्रेमीले उनका 'हामी माथिमाथि उडिरहेको चील,' 'परेवा र तिम्रो हात,' 'आकाश,' 'गाउँको गोरेटो'लगायत कविता रुचिपूर्वक सुने । मञ्जुलले सिर्जनाको रचनाकाल र सन्दर्भबारे बताउँदै कविता पाठ गरेका थिए ।

उनले राल्फा सांस्कृतिक अभियानका क्रममा नेपालका गाउँबस्ती डुल्दाका बखत लेखिएका कवितासमेत सुनाएका थिए । राल्फा समूहको सर्जक र गायकका रूपमा जनताका आवाज मुखरित गर्दाको क्षणलाई मञ्जुलले कविता वाचनका क्रममा स्मरण गरे ।

आजभन्दा झण्डै ५० वर्षअघि निरंकुश पञ्चायतविरुद्ध गीत र कविताका माध्यमबाट जनजागरण ल्याउन उक्त समूह सक्रिय भएको थियो । पछि त्यो राल्फा सांस्कृतिक आन्दोलनका रूपमा विकास भएको थियो । उक्त समूहमा मञ्जुल, रामेश, रायनलगायत गायक तथा संस्कृतिकर्मी सहभागी थिए ।

कवि तीर्थ श्रेष्ठले मञ्जुललाई जनवादी गायकसँगै कवि व्यक्तित्वका लिए । 'उहाँ जागरणका गायक हुनुहुन्छ, कविता, यात्रा संस्मरणमा पनि उहाँ सशक्त देखिनुहुन्छ,' श्रेष्ठले भने, 'धेरै कविहरूका लागि मञ्जुल दाइ अभिभावक, मागदर्शक र उत्प्रेरक हुनुहुन्छ ।'

पोखरेली युवा सांस्कृतिक परिवारका अध्यक्ष उपेन्द्र पौडेलले जीवनको उत्तरार्द्धमा पनि कवि मञ्जुल सिर्जनाकर्ममा उत्तिकै सक्रिय रहेको बताए । 'उहाँजस्तो विशिष्ट प्रतिभालाई पोखरामा एक वाचनमा उभ्याउन पाउँदा हामी पनि गर्वित छौं,' उनले भने ।

# लक्की फिल्मी अवार्डका उत्कृष्ट पाँच मनोनयन सार्वजनिक

**काठमाडौं (प्रस)–** लक्की मिडिया हाउसको आयोजनामा यही असोज २५ गते 'एनप्लस प्रोफेसनल लक्की फिल्मी अवार्ड' प्रदान गरिने भएको छ । 'लक्की फिल्मी अवार्ड २०८० ' का नामबाट मिडिया हाउसले चितवनमा फिल्मी अवार्डको कार्यक्रम आयोजना गर्न लागेको आइतबार यहाँ पत्रकार सम्मेलन गरी जानकारी दिएको हो ।

मोफसलमा रहेर पनि नेपाली सिनेजगत्को संरक्षण र जगेर्ना गर्न अवार्ड कार्यक्रम आयोजना गर्न लागिएको आयोजकले जनाएको छ । 'चलचित्र उद्योगको प्रवर्द्धन र प्रोत्साहन, कलाकारलाई हौसला र सम्मान' भन्ने नाराका साथ मोफसलबाट पहिलोपटक अवार्ड आयोजना गर्न लागिएको हो ।

अवार्डका लागि आयोजकले आइतबार उत्कृष्ट पाँचमा मनोनयनमा पर्न सफल चलचित्रकर्मी र चलचित्र सार्वजनिक गरेको छ । जसमध्ये उत्कृष्ट गायिका, गायक, संगीतकार, लेखन, छायाकार, सम्पादक, अभिनेत्री, अभिनेता, निर्देशक र चलचित्र विधाका उत्कृष्ट पाँच मनोनयन सार्वजनिक गरिएको हो ।




काठमाडौंबाट मनोनयनमा पर्न सफल १० विधाको सार्वजनिक गरिएको हो । उक्त १० विधाबाहेक पनि कार्यक्रमका अवसरमा जुरी, पपुलरलगायतका विधामा अवार्ड प्रदान गरिने आयोजकले जनाएको छ । अवार्डका संयोजक तथा लक्की मिडिया हाउसका महाप्रबन्धक हरि कार्कीले अवार्डको आयोजना यही असोज २५ गते चितवन सिनेप्लेक्स सिजी मल, भरतपुरमा विशिष्ट चलचित्रकर्मीहरूको साथमा भव्य रूपमा कार्यक्रम आयोजना गरिने बताए ।

अवार्डको निर्णायकमण्डलमा वरिष्ठ चलचित्रकर्मी लेखक तथा निर्देशक मोहन निरौला संयोजक रहेका छन् । सदस्यहरूमा वरिष्ठ रंग पत्रकार एवं गीतकार शान्तिप्रिय एवं वरिष्ठ रंग पत्रकार तथा निर्देशक विजयरत्न तुलाधर रहेका छन् ।

# हाजिर जमानीमा छुटे अनमोल केसी

**काठमाडौं (प्रस)–** अभिनेता अनमोल केसीलाई हाजिर जमानीमा खोजेको समय हाजिर हुनेगरी आइतबार छाडिएको छ । उनलाई आइतबार साँझ उनकै सहोदर काका उज्ज्वल केसीको जिम्मा दिइएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता तथ प्रहरी उपरीक्षक कुमोध ढुंगेलले जानकारी दिए ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले अभिनेता केसीलाई आपराधिक विश्वासघातअन्तर्गतको कसुरमा अदालतबाट पक्राउ पुर्जी जारी गरी यही असोज १२ गते भक्तपुरको साँगाबाट पक्राउ गरेको थियो ।



उनका अनुसार अभिनेता केसीको स्वास्थ्य अवस्था, प्रमाण लोप गर्न सक्ने अवस्था नरहेको र भागी जाने सम्भावना नरहेकाले अनुसन्धान अधिकृतले कुनै जिम्मेवार व्यक्तिले खोजेको बेलामा उपस्थित हुने गरी जिम्मा छोड्न सक्ने कानुनी व्यवस्था भएअनुसार जिम्मा जमानीमा छाडिएको हो ।

काठमाडौं जिल्ला अदालतले अभिनेता अनमोल केसीलाई तीन दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिएको थियो । चलचित्र 'रावायण' मा खेल्नका लागि केसीले १० लाख रूपैयाँ लिएको तर सम्झौता गर्न पनि नमानेको र सुटिङमा पनि नआएको भनी जाहेरी परेपछि सोही जाहेरीका आधारमा पक्राउ प्रहरीले पक्राउ गरेको थियो ।



१९औं एसियाली खेलकुद

# माल्दिभ्सलाई हराउँदै नेपाल क्वाटरफाइनलमा

## ६ विकेट लिएर अभिनाशले बनाए कीर्तिमान

■ प्रभाव संवाददाता

**काठमाडौं–** तीव्र गतिका बलर अभिनाश बोहराले कीर्तिमानी छ विकेट लिएसँगै नेपाल १९औं एसियाली खेलकुद प्रतियोगिताअन्तर्गत पुरुष क्रिकेट प्रतियोगिताको क्वाटरफाइनलमा प्रवेश गरेको छ ।

नेपालले माल्दिभ्सलाई १३८ रनले पराजित गरेको हो । नेपालले अब समूह ' ए' को विजेताका रूपमा क्वाटरफाइनलमा भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका र अफगानिस्तानमध्ये एउटासँग खेल्ने छ ।

चीनको हाङ्झाउमा आइतबार टस जितेर नेपालले पहिला ब्याटिङ गर्दै निर्धारित २० ओभरमा सात विकेट गुमाएर २१२ रन बनाएको थियो । २१३ रनको विजय लक्ष्य पछ्याउने क्रममा माल्दिभ्सको पारी १९.४ ओभरमा मात्र ७४ रनमा समेटियो ।

यस क्रममा नेपालका तीव्र गतिका बलर अभिनाश बोहराले कीर्तिमानी छ विकेट लिए । उनले ३.४ ओभर बलिङ गर्दै मात्र ११ रन खर्चे । टी-२० अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा छ विकेट लिने बोहरा पहिलो नेपाली बलर हुन् । यसअघि टी-२० अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा नेपालका लागि सन्दीप लामिछाने र करण केसीले समान पाँच-पाँच विकेट लिएका थिए ।

आइतबार नेपालका लागि सोमपाल कामी, सन्दीप लामिछाने, गुलशन झा र कुशल भुर्तेलले समान एक-एक विकेट लिए । माल्दिभ्सका लागि ब्याटिङ गर्ने क्रममा मुएवियाथ अब्दुल घानीले ३४ बलमा दुई चौका र दुई छक्कासहित सर्वाधिक ३६ रन बनाए । यस्तै राशिद राशमले १२ तथा सिउस फरिदले १० रन बनाए ।



यसअघि नेपालका कप्तान रोहितकुमार पौडेलले २७ बलमा तीन चौका र तीन छक्कासहित सर्वाधिक ५२ रनको अर्धशतकीय पारी खेले । उनले लगातार दुई खेलमा अर्धशतक पूरा गरेका हुन् । यस्तै कुशल मल्लले २० बलमा तीन चौका र तीन छक्कासहित अविजित ४७ रन बनाए । कुशल भुर्तेलले १८ बलमा पाँच चौका र एक छक्कासहित ३५ रन, गुलशन झाले २१ बलमा एक चौका र तीन छक्कासहित ३५ रन तथा विनोद भण्डारीले १५ बलमा एक चौकासहित १३ रन बनाए ।

बलिङतर्फ माल्दिभ्सका बदिउ इस्माइल नाजवानले तीन विकेट लिए । नेपालले यसअघि पहिलो खेलमा मंगोलियालाई २७३ रनले पराजित गरेको थियो । समूह 'ए'बाट अपराजित रहँदै नेपालले क्वाटरफाइनलमा स्थान सुरक्षित गरेको हो । समूह 'ए'मा रहेका मंगोलिया र माल्दिभ्स प्रतियोगिताबाट बाहिरिएका छन् ।

पाँच टेस्ट मुलुक भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका र अफगानिस्तानले सोझै क्वाटरफाइनलमा मौका पाएका छन् । समूह 'बी'बाट हङकङ क्वाटरफाइनलमा प्रवेश गरेको छ भने समूह 'सी'बाट क्वाटरफाइनलमा प्रवेश गर्ने टोलीको टुंगो लागेको छैन ।

# तेक्वान्दो प्रशिक्षक अधिकारीलाई सम्मान

**काठमाडौं (प्रस)–** नेपाली तेक्वान्दो प्रशिक्षक एवं राष्ट्रिय रेफ्री तथा युएईको पहिलो नेपाली राष्ट्रिय रेफ्री जगन अधिकारीलाई नुवाकोटको पहिलो सामुदायिक रेडियो नुवाकोट एफएमले सम्मान गरेको छ ।

एफएमको १५औं वार्षिक साधारणसभाको अवसरमा नुवाकोट विदुरमा आयोजित कार्यक्रममा जिल्ला समन्वय समिति नुवाकोटका प्रमुख रजेन्द्रविक्रम सिंह ठकुरीले अधिकारीलाई दोसल्ला ओढाएर सम्मानपत्रले सम्मान गरेका हुन् ।



नेपाली तेक्वान्दो प्रशिक्षक एवं राष्ट्रिय रेफ्री, तथा संयुक्त अरब इमिरेट्स (युएई)मा तेक्वान्दो खेलको पहिलो राष्ट्रिय रेफ्री बन्न सफल भएकोमा अन्तर्राष्ट्रियस्तरमा समग्र नुवाकोट जिल्ला र देशकै नाम उच्च बनाउन सफल भएकोमा विदुर नगरपालिका-८ निवासी अधिकारीलाई सम्मान गरेको हो ।

अधिकारीले नुवाकोट तेक्वान्दो डोजाङबाट वि.स. २०६० सालमा खेल जीवन सुरु गरी जिल्ला हुँदै राष्ट्रियस्तरसम्म खेलेका थिए । २०६३ सालमा तेक्वान्दो प्रशिक्षक बनेका उनी २०६६ सालमा राष्ट्रिय रेफ्री बनेका थिए । २०७८ सालबाट युएईमा पहिलो नेपाली तेक्वान्दो राष्ट्रिय रेफ्री बन्न सफल भई देश र जिल्लाको नाम विदेशी भूमिमा राख्न सफल अधिकारीको योगदानको कदर गर्दै सम्मान गरिएको एफएमका स्टेसन प्रबन्धक श्रीराम अधिकारीले बताए । सोही समारोहमा लोकगायक स्रस्टा बलराम अधिकारीलाई पनि सम्मान गरेको थियो ।


## रोजगारको अवसर

### 1. UNIVERSAL SERVICES AND MAINTENANCE USM QATAR

पुनःविज्ञापन पुर्व स्विकृति मितिः 2080.03.22 चलानी नं. ६०२०४३३९ LT No. 288960

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 20 | काममा दक्ष | 1000 | 36571 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

### 2. CLARK TRADING & CONTRACTING CO. W.L.L.

पुर्व स्विकृति मितिः 2080.06.12 चलानी नं. ६०२०८४२७ LT No. 293282

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 1 | 41 | काममा दक्ष | 1000 | 36571 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Dry Clean Worker | 0 | 4 | | 1000 | 36571 | | | | | | | |
| 3 | Labour | 21 | 0 | | 1000 | 36571 | | | | | | | |
| 4 | Building Worker | 6 | 0 | | 1100 | 40228 | | | | | | | |
| 5 | Assistant Mason | 1 | 0 | | 1100 | 40228 | | | | | | | |
| 6 | Brick Mason | 1 | 0 | | 1100 | 40228 | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

**अन्तरवार्ताः २०८० असोज २२ गते (9 Oct. 2023) मेनपावर कार्यालयमा हुनेछ ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः निःशुल्क

**TALENT OVERSEAS SERVICE PVT. LTD.**

Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744

# माल्दिभ्सको राष्ट्रपतिमा मोहम्मद मुइज्जु निर्वाचित

**नयाँदिल्ली–** माल्दिभ्सको राष्ट्रपतिमा ४५ वर्षीय मोहम्मद मुइज्जु निर्वाचित भएका छन् । बहालवाला राष्ट्रपति इब्राहिम मोहम्मद सोलिहलाई हराउँदै मुइज्जु निर्वाचित भएका हुन् ।

माल्दिभ्सको प्रोग्रेसिभ पार्टी अफ माल्दिभ्स (पिपिएम)का उम्मेदवार मोहम्मद मुइज्जुले शनिबार भएको निर्वाचनमा सोलिहलाई पराजित गरेका हुन् । पहिलो चरणमा कुनै पनि उम्मेदवारले स्पष्ट जित हासिल नगरेपछि दोस्रो चरणको मतदानमा उनले जित हात पारेका हुन् । उनले ५३ प्रतिशत मत प्राप्त गरेका छन् ।

लोकतन्त्र सुदृढ भइनसकेको हिन्द महासागरको टापु राष्ट्र माल्दिभ्सले चीनसँगको नयाँ र भारतसँगको परम्परागत सम्बन्धलाई अब कसरी अघि बढाउँछ भन्नेमा धेरैको चासो बढेको छ । राजनीतिक विश्लेषकहरूले नवनिर्वाचित राष्ट्रपति मोहम्मद मुइज्जुको कूटनीतिक परीक्षण हुने बताएका छन् ।

नेता मुइज्जु चिनियाँ ऋण स्वागत गर्ने र यसअघि सत्तामा हुँदा असहमतमाथि दमन गर्ने व्यक्तिका रूपमा परिचित छन् । उनलाई धेरैले चिनियाँ पक्षधर नेताका रूपमा पनि चित्रण गर्दै आएका छन् ।

देशको राष्ट्रपति निर्वाचित भएपछि आफ्नो पार्टीको मुख्यालयमा मन्तव्य व्यक्त गर्दै आफूलाई मतदान गर्ने सबैप्रति कृतज्ञता ज्ञापन गरेका छन् । राष्ट्रपति निर्वाचित मुइज्जुले भ्रष्टाचारको आरोपमा ११ वर्षको जेल सजाय भोगिरहेका पूर्वराष्ट्रपति अब्दुल्ला यामीनलाई रिहा गर्न सरकारलाई आग्रह गरे ।

मुइज्जु हाल राजधानी मालेको नगरप्रमुख छन् । उनले बेलायतको युनिभर्सिटी अफ लिड्सबाट सिभिल इन्जिनियरिङमा विद्यावारिधि गरेका छन् ।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्रपतिमा मुइज्जु विजयी भएकामा उनलाई बधाई दिएका छन् । 'माल्दिभ्सको राष्ट्रपतिमा मोहम्मद मुइज्जु निर्वाचित भएकोमा उहाँलाई बधाई एवं शुभकामना । भारत-माल्दिभ्स द्विपक्षीय सम्बन्धलाई बलियो बनाउन तथा हिन्द महासागर क्षेत्रमा समग्र सहयोग अभिवृद्धि गर्न भारत प्रतिबद्ध छ,' उनले सामाजिक सञ्जाल एक्समा लेखेका छन् । *रासस/एएनआई*

# 'जी २० को सफलता भारत–अमेरिका साझेदारीको सफलता हो'

**वासिङ्टन–** भारतका विदेशमन्त्री सुब्रमन्यम जयशंकरले जी २० शिखर सम्मेलनको सफलता सफलता भारत-अमेरिका साझेदारीको सफलता भएको बताएका छन् ।

'शिखर सम्मेलनमा भारत र अमेरिकाको समझदारी, सहयोग, साझेदारी र सहकार्यका साथै साझा दृष्टिकोणको पनि सम्मीश्रण थियो,' शनिबार वासिङ्टन डिसीस्थित इण्डिया हाउसमा ' कलर्स अफ फ्रेण्डसिप' कार्यक्रममा भारतीय कूटनीतिज्ञलाई सम्बोधन गर्दै विदेशमन्त्रीले भने, ' जी-२० शिखर बैठकमा विश्वका नेताहरूलाई एकै स्थानमा भेला गर्नु चुनौतीपूर्ण थियो तर त्यसमा हामी सफल भयौं ।'

अमेरिकी साथ र सहयोगका लागि वासिङ्टनलाई श्रेय दिँदै विदेशमन्त्री जयशंकरले वैश्विक चुनौती सामना गर्न भारत र अमेरिकाले साझेदारी गरिरहेका बताए ।

गान्धी जयन्तीको पूर्वसन्ध्यामा भएको उक्त कार्यक्रममा उनले महात्मा गान्धीप्रति श्रद्धाञ्जली अर्पण गर्दै जी-२० का सन्देश पनि गान्धीका सिद्धान्तकै सेरोफेरोमा रहेका बताए । 'संसारलाई साझा घर मान्ने र यसका बासिन्दालाई आफ्नै परिवार ठान्ने' प्राचीन परम्पराप्रति उनको लगाव रहेको विदेशमन्त्रीले उल्लेख गरे । *रासस/एएनआई*

# नाइट क्लबमा आगो लाग्दा सात जनाको मृत्यु

**म्याड्रिड–** स्पेनको एउटा नाइटक्लबमा आइतबार बिहान भएको आगलागीमा परी कम्तीमा सात जनाको मृत्यु भएको तथा अन्य चार जना घाइते भएका स्थानीय अधिकारीहरूले बताएका छन् ।

दक्षिणपूर्वी सहर मर्सियाको क्लबमा भएको आगलागीमा ज्यान गुमाएका चार जनाको शव फेला परेको उद्धारमा संलग्न आपत्कालीन सेवाका एक जना उद्धारकर्ताले एएफपीलाई बताए । वारुणयन्त्रका कर्मचारी तथा स्थानीय संघसंस्था आगो निभाउन, खोज तथा उद्धारमा अहिले पनि सक्रिय छन् ।

आपत्कालीन सेवाका कर्मचारीले सामाजिक सञ्जालमा सार्वजनिक गरेका तस्बिरहरूमा पानीको फोहोराबाट आगो निभाइएको, क्लबबाट धुँवाको मुस्लो निस्किएको देखिन्छ । *रासस/एएफपी*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TARISH BIN MOHAMMED AL-BAQAWL

पूर्व स्वीकृति मिति : २०८०/०६/१२ LT. No.293244 चलानी नं. ६०२०८४६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३५,५०५ | | | | | | | |
| 3 | Salesman | 1 | 0 | 1600 | ५६,८०५ | | | | | | | |

कम्पनी : GULF LABORATORY FOR CONSTRUCTION MATERIALS

पूर्व स्वीकृति मिति : २०८०/०६/१२ LT. No.293245 चलानी नं. ६०२०८४६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 3 | 0 | 1800 | ६३,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ZIYAD IBRAHIM BIN MUHAMMAD AL-NAFISA EST FOR MAINTENANCE AND CLEANING

पूर्व स्वीकृति मिति : २०८०/०६/१२ LT. No.293246 चलानी नं. ६०२०८४६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Facade Cleaner | 4 | 0 | 1000 | ३५,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २२ गते (9th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**

श्रम ईजाजत नं. १०००/०६८/०६९

Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np



## कतार/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : QATAR CLEANING COMPANY WLL

पूर्व स्वीकृति मिति २०८०/०५/०३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१४ LT. No. 291273 चलानी नं. ६०२०६५८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 60 | 0 | 1000 | ३६,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HONG TZE ENTERPRISE SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०५/०७ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१४ LT. No. 291531 चलानी नं. ६०२०६७६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २२ गते (9th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**

श्रम ईजाजत नं. ९५४/०६७/६८

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FIFTH EXCELLENCE COMPANY LIMITED

पूर्व स्वीकृति मिति २०८०/०१/२७ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१४ LT. No. 285733 चलानी नं. ६०२०१२४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Paved | 5 | 0 | 1600 | ५६,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २२ गते (9th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**

श्रम ईजाजत नं. ७८८/०६५/०६६

P.O.Box :- 10440, Tokha-9, Gongabu, Kathmandu, Nepal,
Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RETRO CREATION RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८०/०६/१४ LT. No. 293283 चलानी नं.६०२०८४९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 2 | 0 | 135 | ५८,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 1 | 0 | 95 | ४०,९२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २२ गते (9th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**EXPRESS RECRUITER NEPAL PVT. LTD**

Govt. License No. 1613/079/080

Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ENVIRONMENTAL SOLUTIONS TRADING EST.

पूर्व स्वीकृति मिति : २०८०/०६/१४ LT. No. 293345 चलानी नं.६०२०८५१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1600 | ५६,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Upload And Download Worker | 1 | 0 | 1000 | ३५,५०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २२ गते (9th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Fishtail Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. १२८६/०७४/०७५

Tokha, Samakhusi-29, Kathmandu, Nepal Tel : +977-1-4386382, 4389757, Mob: 9803003599
Email: hrfishtailoveraeas@gmail.com, Web: www.fishtailjobs.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BOTTEGA DESIGN

पूर्व स्वीकृति मिति: २०८०/०२/३० पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१४ LT. No. 287770 चलानी नं. ६०२०३०७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pipe Fitter | 1 | 0 | 1400 | ५१,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २२ गते (9th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Haya Recruitment Pvt. Ltd.**

श्रम ईजाजत नं. १०९३/०७३/०७४

Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610
E-mail : alhaya.recruitment@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MARIYA INTERNATIONAL CO. FOR EDUCATION SERVICES

पूर्व स्वीकृति मिति : २०८०/०६/१२ LT. No. 293265 चलानी नं. ६०२०८४४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Driver | 3 | 0 | 1800 | ६३,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २२ गते (9th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Career International Services (P.) Ltd.**

License No.: 646/063/064

धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३
Email : info@career-intl.com, Website : www.career-intl.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FOOD ORIGIN FOUNDATION FOR PROJECTS

पूर्व स्वीकृति मिति : २०८०/०६/१२ LT. No. 293268 चलानी नं. ६०२०८४४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Confectionary Maker | 1 | 0 | 1200 | ४२,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज २२ गते (9th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)**

श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४१६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोन: ०१–४२७६५३०, फ्याक्स:०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोन: ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

काठमाडौं जि.प्र.का.द.नं. ४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०८००० | प्रति तोला – १०७५०० | प्रति तोला – १३६० |



**बन्दै छ प्रदेश राजधानी** | लुम्बिनी प्रदेशको राजधानी राप्ती उपत्यका (देउखुरी) दाङमा निर्माण भइरहेको मुख्यमन्त्री कार्यालयको भवन । राजधानी देउखुरी सरेपछि मुख्यमन्त्री कार्यालयलगायत मन्त्रालयका भवन निर्माणको कार्य तीव्र गतिमा अघि बढेको छ ।

*तस्बिरः दीपक बोहरा/रासस*

बजारमा बेथिति

## ९८ प्रतिशत फर्ममा कैफियत

■ प्रभाव संवाददाता

**काठमाडौं**– वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले गर्ने बजार अनुगमनका क्रममा करिब ९८ प्रतिशत व्यावसायिक फर्ममा कुनै न कुनै किसिमको कैफियत तथा समस्या भेटिएको छ । गत साउनयता विभागले एक हजार १४६ व्यावसायिक फर्ममा अनुगमन गरेकामा २६ वटामात्रै सामान्य अवस्थामा रहेका भेटिएको जनाएको छ ।

चालु आर्थिक वर्ष सुरु भएदेखि असोज १२ गतेसम्ममा एक हजार १४६ व्यावसायिक फर्ममा अनुगमन गरी ३४७ लाई कारबाही गरिएको विभागका सूचना अधिकारी आनन्दराज पोखरेलले जानकारी दिए । उनका अनुसार कारबाही गरिएका फर्मलाई ९२ लाख २५ हजार रूपैयाँ बराबर जरिवाना गरिएको छ । त्यसैगरी, ३४ फर्मबाट एक करोड एक लाख ९० हजार रूपैयाँ बराबरको वस्तु नष्ट गरिएको विभागले जनाएको छ ।

३३२ फर्मलाई सुधारका लागि निर्देशन दिइएको र थप अध्ययनका लागि कागजात माग भएको पनि पोखरेलले जानकारी दिए । उनका अनुसार विभागले दैनिक उपभोग्य वस्तु, तरकारी तथा फलफूल, मासुपसल, औषधि, मिठाइ पसल तथा होटललगायत क्षेत्रमा अनुगमन गर्दा तोकिएकोभन्दा चर्को मूल्यमा बिक्री वितरण भइरहेको, न्यून गुणस्तर, लेभल नभएका वस्तु बिक्री गरेको, कृत्रिम अभाव सिर्जना गरेकोलगायतका समस्या देखिएका हुन् ।

अहिले विभागले दैनिक औसत ३५ व्यावसायिक फर्ममा अनुगमन गरिरहेको छ । दसैं, तिहारलगायत चाडबाडका बेला उपभोक्ता बढी ठगिने र बजारमा बढी समस्या देखिने भएकाले अनुगमनको संख्या बढाउन लागिएको विभागले जनाएको छ । चाडपर्वलाई लक्षित अनुगमनका लागि वाणिज्य विभागको नेतृत्वमा वातावरण, खाद्यप्रविधि तथा गुण नियन्त्रण, गुणस्तर तथा नापतौल, औषधि व्यवस्था र आन्तरिक राजस्व विभाग तथा जिल्ला प्रशासन कार्यालयसँग समन्वयमा गरिरहेको पोखरेलले बताए । उनका अनुसार विभागले एक्लै र संयुक्तरूपमा बजार अनुगमन गर्दै आएको छ ।

त्यस्तै, चाडपर्व लक्षित अनुगमनतर्फ आगामी हप्ताबाट थोक बिक्रेता, गोदाम र अधिक मूल्यवृद्धि भएका वस्तुको अनुगमनलाई तीव्र बनाउने विभागले जनाएको छ । अवाञ्छित मूल्यवृद्धि, न्यून गुणस्तर तथा कृत्रिम मौज्दातजस्ता सूचना भए पैसा नलाग्ने टेलिफोन नम्बर ११३७ मार्फत जानकारी दिन पनि विभागले अपिल गरेको छ ।

## ‘पर्यटन प्रवर्द्धनमा नयाँ ढंगले गर्न जरुरी’

**काठमाडौं (प्रस)**– संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले नेपालको पर्यटन क्षेत्रलाई नयाँ ढंगले प्रवर्द्धन गर्नुपर्ने बताएका छन् ।

पर्वतीय पर्यटन व्यवसायीको छाता संस्था ट्रेकिङ एजेन्सिज् एसोसियसन अफ नेपाल (टान)को ४५औं साधारणसभामा मन्त्री किराँतीले बाह्रै महिना नेपालको पर्यटन क्षेत्रलाई चलायमान बनाउन सकेमात्र नेपालको पर्यटन क्षेत्रले विकासको गति लिने बताए ।

‘जेठदेखि भदौसम्मलाई हामी अफसिजन भन्दै आएका छौं, अफसिजनमा पनि पर्यटक ल्याउन सक्नुपर्छ,’ उनले भने । उनले मुलुकको राजनीतिक अस्थिरताका कारण नेपालको पर्यटनले जुन गति लिनुपर्ने हो त्यो लिन नसकेको धारणा राखे ।

‘नेपालले छिमेकी मुलुक भारत र चीनबाट बाहिरिने पर्यटकको कूल संख्याबाट ०.५ प्रतिशतमात्रै पर्यटक भित्र्याउन सक्ने हो भने नेपाल पर्यटनको हब बन्नेछ,’ उनले भने । पर्यटनमन्त्री किरातीले संसारको अग्लो हिमाल सगरमाथादेखि विभिन्न हिमशृंखला र पहाड पर्यटकका लागि पदयात्राको माध्यम बन्ने भन्दै यसको संरक्षणमा लाग्नुपर्नेमा जोड दिए । उनले नेपालका तीन अन्तरर्ाष्ट्रिय विमानस्थललाई पूर्णरूपमा सञ्चालन गर्न सकेमात्र पनि यहाँको पर्यटन विकासमा सहयोग पुग्ने बताए ।

सो अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री सुशीला सिर्पाली ठकुरीले पर्यटन क्षेत्रमा देखिएको समस्या समाधानमा सरकार लाग्ने बताइन् । ‘सरोकारवाला पर्यटन व्यवसायीसँग छलफल र सहकार्य गरेर पर्यटन क्षेत्रका समस्या समाधानमा लाग्नेछौं,’ उनले भनिन् । उनले पर्यटन क्षेत्रसम्बन्धित ऐन पुरानो रहेको भन्दै यसलाई समयसापेक्ष हिसाबले संशोधन गर्दै लैजानुपर्ने उल्लेख गरिन् ।

नेपाल पर्यटन बोर्डका उपाध्यक्ष चन्द्रप्रसाद रिजालले नेपालको पर्वतीय पर्यटन क्षेत्रको विकास र विस्तारमा टानले खेलेको भूमिका महत्त्वपूर्ण रहेको बताए । उनले सरकार र निजी क्षेत्रकाबीच सहकार्य गरेर नेपालको पर्यटन क्षेत्रको विकासमा लाग्नुपर्ने बताए । बोर्डका प्रमुख कार्यकारी अधिकृत डा. धनञ्जय रेग्मीले कानुनको समस्या र महालेखापरीक्षक कार्यालयको अवरोधका कारण पर्यटन क्षेत्रको विकासमा काम गर्न बोर्डलाई समस्या परेको बताए । उनले पर्यटन क्षेत्रको विकासका लागि निर्णय र काम गर्ने निकाय एउटै भए काम गर्न सहज हुने उल्लेख गरे ।

एसोसियसनका अध्यक्ष निलहरि बाँस्तोलाले पर्वतीय पर्यटनको विकासमा ४५ वर्षको इतिास बोकेको टानले विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँगको सहकार्यमा पर्वतीय पर्यटन प्रवर्द्धनमा काम गरिरहेको उल्लेख गरे । उनले स्थानीय सरकारले जथाभावी मोटरबाटो खन्दा पदमार्ग मासिँदै गएको भन्दै यसलाई जोगाउनका लागि सबै लाग्नुपर्ने उल्लेख गरे । टानका पूर्वअध्यक्ष रमेश धमला, खुमबहादुर सुवेदीले पर्यटन क्षेत्रको मुद्दालाई समाधान गर्न सबै एकजुट हुनुपर्ने बताए ।

## विरोधपछि इन्धनको मूल्यवृद्धि फिर्ता

**काठमाडौं (प्रस)**– चौतर्फी विरोधपछि नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्यवृद्धि फिर्ता लिएको छ । निगमले आइतबार सूचना प्रकाशन गर्दै सरकारले दिएको निर्देशनअनुसार मूल्यवृद्धि फिर्ता गर्ने निर्णय गरिएको उल्लेख गरेको छ । आइतबार राति १२ बजेदेखि लागू हुने गरी निगमले उक्त निर्णय गरेको हो ।

आइतबार बसेको मन्त्रिपरिषद् बैठकले निगमले शनिबार रातिदेखि लागू हुनेगरी पेट्रोलियम पदार्थमा गरेको मूल्यवृद्धि आसन्न चाडबाड र सर्वसाधारणको हितमा ध्यानमा राखी तत्काल फिर्ता लिन निर्देशन दिएको थियो । मूल्य स्थिरीकरण कोष तथा नेपाल सरकारबाट प्राप्त हुने रकमबाट समायोजन गर्ने गरी मूल्यवृद्धि गर्ने निर्णय फिर्ता लिइएको निगमका प्रवक्ता मनोजकुमार ठाकुरले जानकारी दिए ।

निगमले शनिबार रातिदेखि लागू हुनेगरी पेट्रोलमा प्रतिलिटर दुई रूपैयाँ, डिजेल र मट्टितेलमा प्रतिलिटर छ रूपैयाँ तथा खाना पकाउने ग्यासमा प्रतिसिलिण्डर २१५ रूपैयाँ बढाउने निर्णय गरेको थियो । त्यस्तै हवाई इन्धन आन्तरिक र अन्तर्राष्ट्रिय दुवैमा प्रतिलिटर आठ रूपैयाँ बढाइएको थियो । मूल्यवृद्धिसँगै ग्यासको मूल्य प्रतिसिलिण्डर दुई हजार ११० रूपैयाँ पुऱ्याइएको थियो ।

निगमले मूल्यवृद्धि गरेसँगै सरकारको सर्वत्र आलोचना भएको थियो । आर्थिक मन्दी र महँगीको सामना गरिरहेका जनतालाई इन्धनको मूल्यवृद्धिले थप मारमा पार्ने भएपछि विरोध भएको हो । त्यसलाई मध्यनजर गर्दै प्रधानमन्त्री पुष्पकमल दाहालले मूल्यवृद्धि फिर्ता लिन निगम नेतृत्वलाई निर्देशन दिएका थिए । मन्त्रिपरिषद् बैठकले निर्णय गरी दिइएको निर्देशनअनुसार निगमले मूल्यवृद्धि फिर्ता लिएको हो ।

## कुमारी बैंकका पाँच शाखा थपिए

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**काठमाडौं (प्रस)**– कुमारी बैंक लिमिटेडले थप पाँच स्थानमा शाखा कार्यालय सञ्चालनमा ल्याएको छ । बैंकले आफ्ना सञ्जाल विस्तार गर्ने क्रममा बागमती प्रदेशस्थित काठमाडौंको कपन, सितापाइला र डल्लु तथा ललितपुरको भैँसेपाटी र टौखेलमा हालै शाखा सञ्चालनमा ल्याएको जानकारी दिएको छ ।

बैंकले उक्त क्षेत्रका व्यवसायी, उद्यमी तथा स्थानीयलाई सहजरूपमा बैंकिङ सेवा पुऱ्याउने उद्देश्यले शाखा विस्तार गरेको जनाएको छ । आगामी दिनमा थप शाखा विस्तार गरेर आधुनिक बैंकिङ सेवा पुऱ्याउने बैंकको योजना छ ।

विगत २२ वर्षदेखि निरन्तर बैंकिङ सेवा दिँदै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका ३०८ शाखा, ३०९ एटिएम, ४९ एक्सटेन्सन काउन्टर तथा ६४ शाखारहित बैंकिङ एकाइमार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरू प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरूमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्य गर्दै जाने प्रतिबद्धता जनाएको छ ।

## नौ महिनामा भित्रिए आठ लाख पर्यटक

**काठमाडौं (प्रस)**– अंग्रेजी वर्ष सन् २०२३ को नौ महिनामा करिब आठ लाख विदेशी पर्यटक नेपाल भित्रिएका छन् । अध्यागमन विभागलाई उद्धृत गर्दै नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्यांकअनुसार वर्षको जनवरीदेखि सेप्टेम्बर महिनासम्म हवाई मार्ग भएर सात लाख ८२ हजार ३७२ पर्यटक भित्रिएका हुन् ।

पछिल्लो सेप्टेम्बर महिनामा मात्रै ९१ हजार १२ पर्यटकले नेपाल भ्रमण गरेका छन् । अघिल्लो वर्ष सन् २०२२ को सोही अवधिमा ५८ हजार ३१४ पर्यटक नेपाल भित्रिएका थिए । सन् २०१९ मा ९२ हजार ६०४ पर्यटक नेपाल आएका थिए ।

नेपालमा पर्यटकीय सिजन सुरु भएकाले अबका दिनमा विदेशी पर्यटक आगमन बढ्ने बोर्डको विश्वास छ । बोर्डका निर्देशक मणिराज लामिछानेले पछिल्ला महिनामा निरन्तर पर्यटक आगमन वृद्धि भइरहेकाले लक्ष्यमा पुग्न सहज हुने बताए । पछिल्लो पर्यटक आँकडा कोभिड-१९ पूर्वको पर्यटक आगमनको ९०.२८ प्रतिशत हो । सरकारले सन् २०२३ मा १० लाख विदेशी पर्यटक भित्र्याउने लक्ष्य लिएको छ ।

सेप्टेम्बर महिनामा पनि सबैभन्दा बढी भारतबाट २८ हजार ६४२, चीनबाट आठ हजार १७४, अमेरिकाबाट सात हजार ३६४, बंगलादेशबाट तीन हजार ७१६ पर्यटक नेपाल आएका छन् । यस्तै अस्ट्रेलियाबाट तीन हजार ६८५, संयुक्त अधिराज्यबाट तीन हजार ६४०, श्रीलंकाबाट तीन हजार ११, जर्मनीबाट दुई हजार ८५२, दक्षिण कोरियाबाट दुई हजार १८ र इजरायलबाट एक हजार ७३४ पर्यटक नेपाल भित्रिएका छन् ।

## दोहोरो अंकले घट्यो नेप्से

**काठमाडौं (प्रस)**– साताको पहिलो कारोबार दिन सेयरबजारमा दोहोरो अंकको गिरावट आएको छ । आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ३३.२० अंकले घटेर एक हजार ९७१.१० अंकमा कायम भएको छ । आइतबार विभिन्न २८४ कम्पनीका ६७ लाख २३ हजार ४०० कित्ता सेयर ८२ हजार ८०० पटक खरिदबिक्री हुँदा एक अर्ब ८३ करोड चार लाख ८६ हजार रूपैयाँ बराबरको कारोबार भएको छ । यस दिन सबै समूहको उपसूचक रातााम्य भएको छ । सबैभन्दा धेरै जलविद्युत् समूह ३.३२ र वित्त समूह २.१७ प्रतिशतले घटेको छ ।

आइतबार सयपत्री हाइड्रोपावर लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने पाँचवटा कम्पनीको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । सनराइज फर्स्ट म्युचुअल फण्ड, अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड, एसियन हाइड्रोपावर लिमिटेड, मनकामना इञ्जिनियरिङ हाइड्रोपावर लिमिटेड र सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको हो ।

कारोबार रकम र कारोबार भएका सेयर संख्याका आधारमा आइतबार सबैभन्दा धेरै सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको १४ करोड ७३ लाख ६० हजार रूपैयाँ बराबरको तीन लाख १८ हजार ७२४ कित्ता सेयर किनबेच भएको छ ।

## नेपालको संविधानको विशेषता

- सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट जारी भएको संविधान,
- नेपाली जनतामा निहित सार्वभौमसत्ता एवं राजकीय सत्ता,
- संघीयता लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था,
- धर्म निरपेक्ष राज्यव्यवस्था,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- लोकतान्त्रिक मूल्यमान्यतामा आधारित संविधान,
- समावेशीकरणको सिद्धान्तलाई आत्मसात गरिएको,
- प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली,
- संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्था,
- समाजवादउन्मुख अर्थतन्त्र ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ